बैठक नं. २.३

आज मिति २०७४/११/२२ गतेका दिन पूर्व सूचना बमोजिम बुटवल उप-महानगरपालिकाका प्रमुख एवं नगर सभाका अध्यक्ष श्री शिवराज सुवेदीज्यूको अध्यक्षता र निम्न नगर सभाका सदस्यहरुको उपस्थितिमा बुटवल उप-महानगरपालिकाको दोस्रो नगर सभाको तेस्रो बैठक बसियो ।

समय: दिनको २:०० बजे ।

स्थान : बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको सभाहल ।

**उपस्थिति:**

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख/अध्यक्ष | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख/उपाध्यक्ष | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद बस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज वहादुर सुनार | सदस्य | |
| ८ | जगदीश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | माया देवी बराल (विश्वकर्मा) | सदस्य | |
| २३ | विमला श्रेष्ठ | सदस्य | |
| २४ | सुस्मा कुमारी अर्याल | सदस्य | |
| २५ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | रन्जित शेरचन | सदस्य | |
| २८ | डिल प्रसाद नेपाली | सदस्य | |
| २९ | बिष्णु कुमारी नेपाली | सदस्य | |
| ३० | ज्ञानु कुमारी लिगल | सदस्य | |
| ३१ | मदन कुमार श्रेष्ठ | सदस्य | |
| ३२ | सतिश कसौधन | सदस्य | |
| ३३ | कमला देवी नगरकोटी | सदस्य | |
| ३४ | खगिसरा गुरुङ्ग | सदस्य | |
| ३५ | प्रेम बहादुर गाहा मगर | सदस्य | |
| ३६ | सुनिल शाक्य | सदस्य | |
| ३७ | सुमित्रा वि.क. | सदस्य | |
| ३८ | सरस्वती कुँवर | सदस्य | |
| ३९ | चीन बहादुर गुरुङ्ग | सदस्य | |
| ४० | लिला प्रसाद श्रेष्ठ | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ४१ | कमला विश्वकर्मा | सदस्य | |
| ४२ | चन्दा कुमारी गौतम | सदस्य | |
| ४३ | सुरेन्द्र कुमार श्रेष्ठ | सदस्य | |
| ४४ | धन माया विश्वकर्मा | सदस्य | |
| ४५ | खुली मियाँ | सदस्य | |
| ४६ | प्रदिप श्रेष्ठ | सदस्य | |
| ४७ | यम बराल | सदस्य | |
| ४८ | पार्वती सुनार | सदस्य | |
| ४९ | नन्दा थापा मगर | सदस्य | |
| ५० | टिका राम पाण्डेय | सदस्य | |
| ५१ | वीर मान लामा | सदस्य | |
| ५२ | गीता वि.क. | सदस्य | |
| ५३ | बविता के.सी बस्नेत | सदस्य | |
| ५४ | नविन थापा | सदस्य | |
| ५५ | गोमती सुनार | सदस्य | |
| ५६ | गोमा ज्ञवाली | सदस्य | |
| ५७ | भुवानी प्रसाद उपाध्याय | सदस्य | |
| ५८ | दल बहादुर थापा | सदस्य | |
| ५९ | शोभा सार्की | सदस्य | |
| ६० | शिव बाहादुर अधिकारी | सदस्य | |
| ६१ | विजय गुरुङ | सदस्य | |
| ६२ | कलावती के.सी. | सदस्य | |
| ६३ | बल बहादुर पुन मगर | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ६४ | नन्द बहादुर थापा | सदस्य | |
| ६५ | मायादेवी दमाई | सदस्य | |
| ६६ | नकुल शाही ठकुरी | सदस्य | |
| ६७ | रण बहादुर थापा मगर | सदस्य | |
| ६८ | भूमी सुनार | सदस्य | |
| ६९ | विष्णु शाही | सदस्य | |
| ७० | भुपेन्द्र शमशेर थापा | सदस्य | |
| ७१ | तिल बहादुर क्षेत्री | सदस्य | |
| ७२ | सरस्वती परियार नेपाली | सदस्य | |
| ७३ | वेद प्रसाद गैरे | सदस्य | |
| ७४ | खुमानन्द पौडेल | सदस्य | |
| ७५ | धन मायाँ सुनार | सदस्य | |
| ७६ | नरमदा खत्री | सदस्य | |
| ७७ | श्रीराम कठरिया थारु | सदस्य | |
| ७८ | युवराज साह | सदस्य | |
| ७९ | अन्जली गोतामे | सदस्य | |
| ८० | चम्पा देवी रेग्मी | सदस्य | |
| ८१ | नगेन्द्र प्रसाद आचार्य | सदस्य | |
| ८२ | कृष्ण प्रसाद भुसाल | सदस्य | |
| ८३ | निरु वि.क | सदस्य | |
| ८४ | बाल कुमारी आचार्य | सदस्य | |
| ८५ | गगन बहादुर गुरुङ | सदस्य | |
| ८६ | सन्त प्रसाद थारु | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ८७ | यम कलि सुनार | सदस्य | — |
| ८८ | माया देवी क्षेत्री | सदस्य | माया |
| ८९ | देवी प्रसाद काफ्ले | सदस्य | |
| ९० | गोपी कृष्ण पाण्डे | सदस्य | |
| ९१ | दिपा हरिजन | सदस्य | दिपा |
| ९२ | सुमित्रा गाहा मगर | सदस्य | सुमित्रा |
| ९३ | कन्हई प्रसाद थारु | सदस्य | |
| ९४ | गोपाल नेपाल | सदस्य | |
| ९५ | विना कुमारी दर्नाल | सदस्य | बिना |
| ९६ | लक्ष्मी थारु | सदस्य | |
| ९७ | बालकिसन थारु | सदस्य | |
| ९८ | कुमार प्रसाद थारु | सदस्य | |
| ९९ | भरतमणी पाण्डे | सचिव | |

क्रमशः:-

**बुटवल उप-महानगरपालिकाको दोश्रो नगर सभाको तेश्रो बैठक सभाका अध्यक्ष श्रीमान् शिवराज सुवेदीज्यूले प्रारम्भ गर्नुभयो ।**

**प्रस्ताव नं २.३.१**

**बुटवल उपमहानगरपालिकाको निर्माण व्यवसाय विधेयक, २०७४ सम्बन्धमा ।**

**निर्णय नं २.३.१**

आजको बैठकको कार्य सूचि नं २ मा रहेको र मिति २०७४/११/१० मा बसेको दोश्रो नगर सभाको पहिलो बैठकको कार्यसूची नं. ८ मा टेबुल भएको **बुटवल उपमहानगरपालिकाको निर्माण व्यवसाय विधेयक, २०७४"** माथिको छलफलमा भाग लिने सभासदहरुको बोल्ने क्रम समाप्त भएको हुदा नगर सभा सञ्चालन कार्यविधि २०७४ को दफा १६ बमोजिम **बुटवल उपमहानगरपालिकाको निर्माण व्यवसाय विधेयक, २०७४"** सभामा निर्णयार्थ पेश हुदा सर्वसम्मति भएकोले देहाय बमोजिमको **बुटवल उपमहानगरपालिकाको निर्माण व्यवसाय विधेयक, २०७४"** पारित गर्ने निर्णय गरियो ।

## बुटवल उपमहानगरपालिकाको निर्माण व्यवसाय ऐन, २०७४

प्रस्तावना : सार्वजनिक निर्माण कार्यमा आवश्यक गुणस्तर कायम राख्न निर्माण व्यवसायीहरुको प्रवर्द्धन तथा विकास गरी निर्माण व्यवसाय संचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले बुटवल उप-महानगरपालिकाको नगर सभाबाट यो ऐन बनाईएकोछ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "बुटवल उपमहानगरपालिकाको निर्माण व्यवसाय ऐन, २०७४" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानून बमोजिम बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाद्वारा सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई जनाउँछ ।

(ख) "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय संचालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ग) "इजाजतपत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि दफा ४ बमोजिम दिइने इजाजतपत्र सम्झनु पर्छ ।

(घ) "संगठित संस्था" भन्नाले बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको पूर्ण स्वामित्व भएको संगठित संस्था सम्झनु पर्छ ।

(ङ) "प्राविधिक" भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षण गर्न बुटवल उप-महानगरपालिका, नगर कार्यपालिका तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनु पर्छ ।

(च) "गुणस्तर" भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आव्हान भएको प्रस्ताव अनुसार प्रस्तावक र सो प्रस्तावको स्वीकृति कर्ताको बीच भएको सम्झौतापत्र वा त्यस्तो सम्झौतापत्रको अभिन्न अंगको रुपमा रहेको कागजात, ड्इङ्ग, डिजाइन तथा स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तर सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले दफा ९ बमोजिम गठित निर्माण व्यवसाय विकास समिति सम्झनु पर्छ ।

(ज) "प्राविधिक समिति" भन्नाले दफा ११ बमोजिम गठित कार्यान्वयन प्राविधिक समिति सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद -२

## इजाजतपत्र सम्बन्धी व्यवस्था

**३. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

यस ऐन बमोजिम वा अन्य स्थानीय तह वा संघीय सरकारबाट इजाजतपत्र प्राप्त नगरी कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

तर प्रचलित कानून बमोजिम उपभोक्ता समिति मार्फत वा जनसहभागितामा सञ्चालन गराइने सार्वजनिक निर्माण कार्य गर्न यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

**४. इजाजतपत्र :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित सार्वजनिक निर्माण कार्य गर्ने इजाजतपत्रको लागि तोकिएको अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा प्राविधिक समितिले त्यस्तो दरखास्त उपर तोकिए बमोजिम जाँच बुझ गरी घ वर्गको इजाजतपत्र दिन बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिबाट सिफारिस भै आएको दरखास्तवालालाई बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ ।

**५. इजाजतपत्रको अवधि र नवीकरण :**

(१) दफा ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ६ बमोजिम खारेज भएको अवस्थामा बाहेक एक आर्थिक वर्षसम्म मान्य हुनेछ । इजाजतपत्र जुनसुकै मितिमा प्रदान गरेको भए तापनि सो आर्थिक वर्षको अन्त्यमा त्यस्तो इजाजतपत्रको अवधि समाप्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले तीन महिना भित्र तोकिए बमोजिमको दस्तुर तिरी तोकिएको अधिकारीबाट तोकिए बमोजिम इजाजतपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले तोकिए बमोजिमको थप दस्तुर तिरी तोकिए बमोजिम इजाजतपत्र नवीकरण गराउन सक्नेछ ।

**६. इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा समितिको सिफारिसमा बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :-

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, अन्य सरकारी कार्यालय तथा अन्य संगठित संस्थामा झुट्ठा विवरण तथा तत्सम्बन्धी कागजात पेश गरेमा,

(ग) गुणस्तरयुक्त कार्य नगरेको ठहरेमा ।

(घ) तोकिएको समयमा काम सम्पन्न नगरेमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई सफाई पेश गर्न पन्ध्र दिनको मौका दिनु पर्नेछ ।

(३) दफा ५ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा त्यसको जानकारी सम्बन्धित फर्मलाई दिनुपर्नेछ ।

## परिच्छेद-३

## निर्माण व्यवसायीको दायित्व

७. **निर्माण व्यवसायीको दायित्व :**

(१) ठेक्का सम्झौतामा उल्लिखित शर्तहरुको अधीनमा रही सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायीको दायित्व हुनेछ ।

(२) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण तोकिए बमोजिम समिति समक्ष पेश गर्नु पर्नेछ ।

८. **निर्माण व्यवसायीहरुबाट गराउन सकिने सार्वजनिक निर्माण कार्य :** सार्वजनिक निर्माण कार्य प्रचलित ऐन बमोजिम गरिनेछ ।

## परिच्छेद-४

## निर्माण व्यवसाय विकास समिति र कार्यान्वयन समिति

९. **निर्माण व्यवसाय विकास समिति :** (१) निर्माण व्यवसायलाई सुदृढ र सुव्यवस्थित रुपमा संचालन गर्न आवश्यक नीति तयार गरी सम्बन्धित निकायहरुलाई निर्देशन दिन देहाय बमोजिमको निर्माण व्यवसाय विकास समिति गठन हुनेछ :-

| | |
|---|---|
| (क) प्रमुख | - अध्यक्ष |
| (ख) उप प्रमुख | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) नगर स्थित निर्माण व्यवसायी संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | - सदस्य |
| (ङ) जिल्ला स्थित इन्जिनियर एशोसिएसनको प्रतिनिधि | - सदस्य |
| (च) योजना महाशाखा प्रमुख | - सदस्य सचिव |

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक निर्माण कार्यमा गुणस्तर कायम राख्ने सम्बन्धमा आवश्यक नर्म्स तयार गर्ने,
(ख) सार्वजनिक निर्माण कार्यमा प्रस्तावक र प्रस्ताव स्वीकृतिकर्ता बीच हुने सम्झौतापत्र, करारका शर्तहरु तथा स्पेसिफिकेशन सम्बन्धी नमूना मस्यौदाको निर्माण तथा विकास गर्ने,
(ग) सार्वजनिक निर्माण कार्यसंग सम्बन्धित वातावरणीय पक्ष लगायतका अन्य विषयहरुमा आवश्यक कोडहरुको निर्माण तथा विकास गर्ने,
(घ) निर्माण व्यवसाय सुदृढ र सक्षम तरिकाबाट सञ्चालन गर्न आवश्यक जनशक्ति उत्पादनको लागि प्रशिक्षण तथा तालिम संचालन गर्ने,
(ङ) निर्माण व्यवसायसंग सम्बन्धित विषयमा आवश्यक अनुसन्धान तथा विकास गर्ने,
(च) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक अन्य कार्यहरु गर्ने ।

११. **कार्यान्वयन प्राविधिक समिति :** (१) निर्माण व्यवसायको प्रवर्द्धन तथा व्यवस्थापन गर्ने सम्बन्धमा बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई आवश्यक प्राविधिक सहयोग पुऱ्याउन देहाय बमोजिमको एक कार्यान्वयन प्राविधिक समितिको गठन हुनेछ :-

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | - अध्यक्ष |

(ख) नगर स्थित निर्माण व्यवसायी संघको प्रतिनिधि - सदस्य
(ग) जिल्ला स्थित इन्जिनियर एशोसिएसनको प्रतिनिधि - सदस्य
(घ) बुटवल उपमहानगरपालिकाको कानूनी सल्लाहकार - सदस्य
(ङ) योजना महाशाखा प्रमुख वा इन्जिनियर - सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

१२. **कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार** : कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्माण व्यवसायीलाई इजाजतपत्र प्रदान गर्न बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्ने ।
(ख) निर्माण व्यवसाय सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय समक्ष पेश गर्ने ।
(ग) सार्वजनिक निर्माण कार्यको गुणस्तर सम्बन्धमा कुनै प्रश्न उठेमा सम्बन्धित प्राविधिकबाट भएको जाँचपासको सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने गराउने ।
(घ) खण्ड (ग) बमोजिम जाँचबुझ गर्दा वा गराउँदा तोकिएको गुणस्तर कायम नराखी प्राविधिकबाट जाँचपास भएको देखिएमा त्यसबाट हुन गएको हानी नोक्सानी असुल उपर गर्न त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।
(ङ) निर्माण व्यवसाय विकास समितिलाई आवश्यक सहयोग गर्ने ।
(च) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५

## कोष तथा लेखा परीक्षण

१३. **निर्माण व्यवसायी कोष** : (१) सार्वजनिक निर्माण कार्यको गुणस्तर र निर्माण व्यवसायीहरुको कार्यक्षमतामा बृद्धि गराउन निर्माण व्यवसायीहरुलाई आवश्यक सेवा तथा सहयोग उपलब्ध गराउन एक निर्माण व्यवसायी कोषको स्थापना गरिने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन :-
(क) बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त रकम,
(ख) निर्माण व्यवसायीहरुबाट तोकिए बमोजिम प्राप्त दस्तुर,
(ग) स्वदेशी वा विदेशी संघ संस्थाबाट प्राप्त रकम ।
(घ) केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(३) कोषको खर्च तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको संचालन तथा लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ६

## विविध

१४. **ठेक्का सम्बन्धी कागजात पठाउनु पर्ने** : बुटवल उप-महानगरपालिका भित्र सार्वजनिक निर्माण कार्य गर्ने सम्बन्धमा भएको सम्झौता र सो संग सम्बन्धित कागजातहरुको एक प्रति ठेक्का स्वीकृत गर्ने निकायले समितिमा पठाउनुपर्नेछ ।

१५. **सहुलियतमा पैठारी गरिएका सामानहरुको विवरण खुलाउनु पर्ने** : द्विपक्षीय वा बहुपक्षिय सम्झौता बमोजिम गरिने सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिम प्राप्त सुविधा अन्तर्गत निर्माण व्यवसायीले नेपाल भित्र पैठारी गरेको सवारी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरणहरुको विवरण तोकिए बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्नु पर्नेछ ।

१६. **विदेशी निर्माण व्यवसायीले सहुलियतमा पैठारी गरेका मेशिनरी औजार आदि अन्यत्र प्रयोग गर्न नहुने**: दफा १५ बमोजिम विदेशी निर्माण व्यवसायीले आयात गरेको सवारी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा

उपकरणहरु जुन कार्यको लागि आयात गरिएको छ सोही कार्यको लागि मात्र प्रयोग गर्नु पर्नेछ । बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वीकृति नलिई त्यस्ता सवारी साधन, मेशिनरी औजार, यन्त्र तथा उपकरणहरु अन्य कार्यको लागि प्रयोग गर्नु हुँदैन ।

१७. **विदेशी सरकार वा संस्थासंग भएको सम्झौता बमोजिम हुने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र विदेशी सरकार वा विदेशी सरकारको स्वामित्व भएको संस्था वा अन्तर्राष्ट्रिय संस्थाहरु बीच भएको अनुदान वा ऋण सहायता सम्बन्धी सम्झौता बमोजिम सार्वजनिक निर्माण कार्य गर्दा सोही सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

१८. **दण्ड सजाय :** निर्माण व्यवसायीले प्रचलित कानून बमोजिम प्राप्त सहुलियत तथा सुविधाहरुको दुरुपयोग गरेमा त्यस्तो निर्माण व्यवसायीलाई बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले त्यसरी दुरुपयोग भएको रकमको दोब्बर रकमसम्म जरिवाना गर्न सक्नेछ ।

१९. **उपसमिति गठन गर्न सक्ने :** (१) समितिले आफ्नो कार्य संचालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्याविधि समितिले तोके बमोजिम हुनेछ ।

२०. **इजाजतपत्रको प्रतिलिपि दिने :** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा समितिले तोकिए बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

२१. **अधिकार प्रत्यायोजन :** यस ऐन बमोजिम बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई प्राप्त अधिकार मध्ये केही अधिकार बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले तोकिएको अधिकारीलाई तोकिएको अवधिसम्मको लागि प्रत्यायोजन गर्न सक्नेछ ।

२२. **प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा लेखिए जति यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

२३. **नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य पूर्तिको लागि बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२४. **बचाउ :** यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएका निर्माण व्यवसाय सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै ऐन बमोजिम दिइएको मानिनेछ ।

**प्रस्ताव नं २.३.२**

**बुटवल उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी नीति, २०७४ सम्बन्धमा ।**

**निर्णय नं २.३.२**

आजको बैठकको कार्य सूचि नं ३ मा रहेको र मिति २०७४/११/१० मा बसेको दोश्रो नगर सभाको पहिलो बैठकको कार्यसूची नं. १० मा टेबुल भएको **बुटवल उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी नीति, २०७४"** माथिको छलफलमा भाग लिने सभासदहरुको बोल्ने क्रम समाप्त भएको हुदा नगर सभा सञ्चालन कार्यविधि २०७४ को दफा १६ बमोजिम **बुटवल उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी नीति, २०७४"** सभामा निर्णयार्थ पेश हुदा सर्वसम्मति भएकोले देहाय बमोजिमको **बुटवल उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी नीति, २०७४"** पारित गर्ने निर्णय गरियो ।

## बुटवल उप-महानगरपालिकाकोसार्वजनिक-निजी साझेदारी नीति, २०७४

### १. पृष्ठभूमि

१.१. मुलुकमा आर्थिक वृद्धिलाई दिगो रुपमा हासिल गर्न स्थानीय तहमा आवश्यक सार्वजनिक पूर्वाधार/संरचना तथा सेवाहरु (जस्तैः सडक, पुल, खानेपानी, सिँचाई, विद्युत, केबलकार लगायत विभिन्न पूर्वाधारहरु) को विकास अनिवार्य हुन्छ । पूर्वाधार सेवाहरुको निर्माण र सञ्चालनमा आवश्यक पर्ने साधन-स्रोतहरुको तुलनामा राज्य कोषबाट विनियोजन हुने साधन-स्रोत न्यून हुन्छ । तसर्थ, सार्वजनिक-निजी साझेदारीको मान्यताको आधारमा निजी क्षेत्रमा उपलब्ध साधन-स्रोत, सीप तथा प्रविधिलाई मुलुकको विकास कार्यमा आकर्षित गरी

सार्वजनिक उपयोगका सम्पत्ति र सेवाको सञ्चालन कम खर्चिलो, प्रभावकारी र विश्वासनीय बनाउनु वाञ्छनीय भएको छ ।

१.२. सार्वजनिक उपयोगका वस्तु तथा सेवाको उत्पादन/सिर्जना गर्ने, पूर्वाधार तथा सेवाहरुको निर्माण तथा सञ्चालनमा निजी क्षेत्रमा उपलब्ध व्यवस्थापकीय सीप, नवीनतम प्रविधि, उपयुक्त मानव संसाधन तथा पुँजीको समुचित प्रयोगलाई सुनिश्चितता प्रदान गर्दै आर्थिक विकासलाई गति प्रदान गर्न र राष्ट्रिय अर्थतन्त्रको सबलीकरणका साथै स्थानीय तहमा सार्वजनिक सेवालाई प्रभावकारी बनाउन यसरी निर्माण भएका पूर्वाधार सेवाहरुको योगदान महत्वपूर्ण तथा प्रभावकारी हुने विश्वास गरिएको छ ।

१.३. स्थानीय तहमा सार्वजनिक पूर्वाधारहरुको निर्माण र सञ्चालनमा जोखिम न्यूनीकरण, व्यवस्थापन तथा सञ्चालनका उपयुक्त तरिका र स्थानीय सरकारको भूमिकालाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्दै पूर्वाधार तथा सेवाको निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको संलग्नतालाई यथोचित रुपमा सम्बोधन गरी स्वीकार्य हुने अनुकुल नीतिगत वातावरण तयार गर्न जरुरी भएको छ ।

## २. विगतका प्रयास

२.१. स्थानीय तहमा पूर्वाधार निर्माण तथा विस्तारको बढ्दो आवश्यकतालाई परिपूर्ति गर्नको लागि निजी लगानीकर्ताबाट पूर्वाधार संरचनाको विकास सम्बन्धी पद्धति अन्तर्गत् पूर्वाधार निर्माण गराउन आवश्यक ठानी **"सार्वजनिक-निजी साझेदारी नीति (स्थानीय निकायका लागि) २०६०"** निर्माण भई कार्यान्वयनमा आएको थियो ।

२.२. वि.सं. २०६३ सालमा **"पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३"** जारी भई अद्यावधिक कार्यान्वयनमा रहेको छ ।

२.३. नेपालमा हाल **"सार्वजनिक-निजी साझेदारी नीति २०७२"** तथा **"पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३"** र सो सम्बन्धी नियमावली २०६४ लागू भई सार्वजनिक-निजी साझेदारीको क्षेत्रमा स्थानीय तहमा स-साना शहरी पूर्वाधार सम्बन्धी आयोजनाहरु कार्यान्वयनमा रहेका छन् ।

२.४. माथि उल्लिखित नीति तथा कानूनी व्यवस्थाको आधारमा स्थानीय तहका विभिन्न तहमा सार्वजनिक-निजी साझेदारीको अवधारणामा आधारित केही आयोजनाहरु सञ्चालन भई कार्यान्वयनमा आएका छन् । स्थानीय सामूदायिक संघसंस्था मार्फत् पनि धेरै आयोजनाहरु सफलता पूर्वक सञ्चालन भएका छन् । यसरी सार्वजनिक-निजी साझेदारी प्रबन्ध अन्तरगत निजी निकायको रुपमा स्थानीय सामूदायिक संघसंस्था तथा समूह र सहकारीको भूमिका पनि प्रभावकारी देखिएको छ ।स्थानीय तहका सार्वजनिक-निजी साझेदारी आयोजनाहरुको सफल कार्यान्वयन भएबाट यसको औचित्यता पुष्टि हुँदै गएको छ । यसरी निजी निकाय अन्तरगत स्थानीय सामूदायिक संघसंस्था तथा समूह र सहकारीको भूमिका पनि प्रभावकारी देखिएको छ।

## ३. वर्तमान स्थिति

३.१. नेपालको संविधानले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था गरेको छ । संविधानमा नै स्थानीय सरकारको अधिकारको व्यवस्था गरी स्थानीय सरकारलाई सवल र जनताका विकासका आकांक्षा र आवश्यकताहरुलाई प्रत्यक्ष रुपमा सम्बोधन गर्ने अत्यन्त प्रभावकारी राज्य संरचनाको रुपमा व्यवस्था गरिएको छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्ने राज्यको निर्देशक सिद्धान्त रहेकोछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत स्थानीय तहले सार्वजनिक-निजी साझेदारीका माध्यमबाट पूर्वाधार आयोजनाहरु कार्यान्वयन गर्न सक्ने व्यवस्था रहेको छ ।

३.२ "सार्वजनिक-निजी साझेदारी नीति २०७२" मा "सार्वजनिक-निजी साझेदारी नीति (स्थानीय निकायका लागि) २०६०" लाई समेत परिमार्जन गर्ने व्यवस्था छ । सार्वजनिक-निजी साझेदारी नीति, २०७२ ले स्थानीय तहमा कार्यान्वयन हुने आयोजनाहरुलाई समेत समेटेको भए तापनि संविधानमा उल्लिखित स्थानीय तहको अधिकारको सूची, स्थानीय तहमा कार्यान्वयन हुने आयोजनाहरुको विशिष्टता तथा स्थानीय तहका संरचनागत व्यवस्था समेतलाई ध्यानमा राखी छुट्टै नीतिगत व्यवस्था गर्नु वाञ्छनीय छ ।

## ४. चुनौती र समस्या

४.१. सन् २०२२ सम्ममा मुलुकलाई विकासोन्मुख राष्ट्रमा रुपान्तरण गर्ने लक्ष्य हासिल गर्न पूर्वाधार क्षेत्रको विकासमा सार्वजनिक-निजी साझेदारीमा लगानी र व्यवस्थापन बढाउनु प्रमुख चुनौतीको रुपमा रहेको छ ।

४.२. सार्वजनिक-निजी साझेदारी आयोजनाको सञ्चालनमा निजी क्षेत्रले वहन गर्ने लगानी तथा जिम्मेवारीहरु जोखिमका दृष्टिले निश्चित समय भित्र नै सम्पन्न गरिसक्नु पर्ने हुन्छ । निजी क्षेत्रको सहकार्यमा सार्वजनिक क्षेत्रले पनि आयोजनाको स्वरुप निर्धारण, जग्गा अधिकरण, समन्वय र स्वीकृति, निजी क्षेत्रलाई दिइने भुक्तानी, वातावरणीय प्रभावको स्वीकृति जस्ता विषयहरु सम्झौतामा उल्लिखित समय मै सम्पन्न गर्नुपर्ने जिम्मेवारीहरु पुरा गर्नु चुनौतीको रुपमा देखिएको छ ।

४.३. सार्वजनिक-निजी साझेदारीको रुपमा आयोजना पहिचान, निर्माण, सञ्चालन तथा हस्तान्तरण जस्ता कार्यहरुमा प्रक्रियागत चुनौती, कानूनी तथा नियमनकारी कार्यमा विज्ञतालाई कायम राख्नु एवम् सार्वजनिक सुशासन कायम राख्नमा दक्ष जनशक्ति तयार पार्नु जस्ता चुनौतीहरु पनि विद्यमान रहेका छन् ।

४.४. नेपालमा पूर्वाधार सेवाहरुको विकास र विस्तारमा सार्वजनिक-निजी साझेदारी सम्बन्धी अवधारणा कार्यान्वयनमा सीमित स्रोत एवम् कमजोर व्यावसायिक क्षमता जस्ता समस्याहरु रहेका छन् ।

४.५. सार्वजनिक-निजी साझेदारीको अवधारणामा संयुक्त प्रयासबाट आयोजनाहरु कार्यान्वयन गर्दा जोखिमको उपयुक्त बाँडफाँड सम्बन्धी नीतिगत व्यवस्था नहुनु, आयोजना छनौटलाई पारदर्शी पार्न नसकिनु, उपयुक्त किसिमले सम्भाव्यता अध्ययन नहुनु, भएका अध्ययनहरुको पनि स्वतन्त्र उपयुक्तको लेखाजोखागर्ने परिपाटी नहुनु, लगानी मैत्री वातावरण नहुनु र सुरक्षा तथा जग्गा अधिकरण सम्बन्धी समस्याहरु रहिरहनु जस्ता समस्याहरु रहेको देखिन्छ ।

## ५. नयाँ नीतिको आवश्यकता

५.१. स्थानीय तहको सार्वजनिक पूर्वाधार तथा सेवाहरुको निर्माण, स्तरोन्नति, आधुनिकीकरण तथा सञ्चालनमा निजी क्षेत्रमा उपलब्ध स्रोत-साधन, व्यावसायिक कुशलता, उद्यमशीलता, क्षमता, दक्षता एवम् नवीनतम प्रविधिको प्रयोगलाई आर्थिक विकासमा आर्कषण गरी स्तरीय सेवा प्रवाह गर्न,

५.२. प्रर्याप्त तथा गुणस्तरयुक्त पूर्वाधार तथा सेवाहरु उपलब्ध गराउन स्थानीय सरकारको एकल लगानी मात्र पर्याप्त नहुने हुँदा निजी क्षेत्रको लगानी आकर्षित गरी सार्वजनिक हितका लागि उपयोग गर्न,

५.३. आगामी दिनमा वर्तमान पूर्वाधार विकासको क्षेत्रमा व्यापक सुधार गरी मुलुकको आर्थिक विकास गर्न,

५.४ नगरपालिकाको आन्तरिक आयलाई बढोत्तरी गर्न,

प्रस्तुत पृष्ठभूमिमा नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुरुप विद्यमान "सार्वजनिक-निजी साझेदारी नीति २०६०" लाई स्थानीय सन्दर्भमा परिमार्जन गर्न आवश्यक भएकाले बुटवल उप-महानगरपालिकाको नगरसभा द्वारा "**सार्वजनिक-निजी साझेदारी नीति-२०७४**" तर्जुमा गरिएको छ ।

## ६. दीर्घकालीन सोच (Vision)

स्थानीय तहमा सार्वजनिक पूर्वाधार तथा सेवाहरुको गुणस्तरीय र दिगो विकास गरी त्यस्ता पूर्वाधार तथा सेवाहरुमा सर्वसाधारण नागरिकको पहुँच सुनिश्चित गर्ने ।

## ७. लक्ष्य (Goal)

सार्वजनिक-निजी साझेदारीको माध्यमबाट वृहत् सामाजिक तथा आर्थिक विकासको लागि स्थानीय तहमा सार्वजनिक पूर्वाधार सेवाहरुको विकास सञ्चालनमा सार्वजनिक-निजी क्षेत्रको लगानी अभिवृद्धि गर्ने ।

## ८. उद्देश्य (Objectives)

यस नीतिका उद्देश्य देहाय बमोजिम हुनेछन् :

८.१. स्थानीय तहमा सार्वजनिक पूर्वाधार तथा सेवाहरुका विकास, पुननिर्माण तथा सञ्चालनको क्षेत्रमा आवश्यक पुँजी, साधन एवं स्रोतहरु निजी क्षेत्रबाट परिपूर्ति गर्न निजी लगानी आकर्षण हुने वातावरण सिर्जना गर्ने ।

८.२. स्थानीय तहका लागि आवश्यक गुणस्तरयुक्त सार्वजनिक पूर्वाधार सेवाहरु उपलब्ध गराउन निजी क्षेत्रमा रहेको व्यावसायिकता, कार्यकुशलता, उद्यमशीलता एवम् प्राविधिक दक्षताको उपयोग गर्ने ।

## ९. नीतिहरु (Policies)

माथि दफा ८ मा उल्लेख भएका उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिनेछः

९.१. सार्वजनिक-निजी साझेदारी सम्बन्धी अन्तराष्ट्रिय रुपमा प्रचलित सिद्धान्त तथा मान्यताहरुलाई स्थानीय तहका सम्पूर्ण सम्भाव्य क्षेत्र, संयन्त्र, अङ्ग तथा निकायहरुमा प्रवर्द्धन गर्ने ।

९.२. स्थानीय तहमा पूर्वाधार सेवाहरुको विकास, पुनर्निमाण, व्यवस्थापन तथा सञ्चालनमा आवश्यक पर्ने थप पुँजी, साधन तथा स्रोतहरु निजी (आन्तरिक तथा बाह्य) क्षेत्रबाट लगानी गर्न अनुकुल वातावरणको सिर्जना गर्ने ।

९.३. पूर्वाधार सेवाहरुको विकास, पुनर्निर्माण, स्तरोन्नति, सञ्चालन तथा व्यवस्थापनमा निजी (आन्तरिक तथा बाह्य) क्षेत्रको व्यावसायिकता, उद्यमशीलता, दक्षता एवं नवीनतम प्रविधिलाई मुलुकको सर्वाङ्गीण विकासमा अधिकतम उपयोग गर्ने ।

**१० रणनीतिहरु (Strategies)**

**(क) नीति ९.१. सँग सम्बधित रणनीतिहरु देहाय बमोजिम हुनेछन्:**

१०.१. सार्वजनिक-निजी साझेदारी सम्बन्धी प्रचलित मान्यता तथा अवधारणालाई आवश्यकता र सान्दर्भिकताका आधारमा सम्भाव्य सम्पूर्ण स्थानीय तहका निकायहरुमा स्वीकार/अंगीकार गरिनेछ।

१०.२. स्थानीय तहमा सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार कार्यान्वयन गर्न सकिने पूर्वाधार र सेवाहरु पहिचान गरी प्राथमिकता निर्धारण गरिनेछ ।

१०.३. आर्थिक तथा पूर्वाधार विकासका लागि सार्वजनिक-निजी साझेदारीको प्रचलित मान्यता अनुरुप सम्पन्न हुन सक्ने आयोजनाहरुलाई स्थानीय सरकारका सबै अङ्ग तथा निकायहरुलाई आवश्यकतानुसार कार्यान्वयन गर्न क्रियाशील गराइनेछ ।

**(ख) नीति ९.२. सँग सम्बधित रणनीतिहरु देहाय बमोजिम हुनेछन्:**

१०.४. सार्वजनिक-निजी साझेदारी अवधारणा अर्न्तगत कार्यान्वयन गरिने आयोजनाहरुको खरिद तथा स्वीकृति प्रक्रियालाई सरल एवं पारदर्शी बनाइनेछ ।

१०.५. लाभ तथा जोखिमलाई सार्वजनिक तथा निजी क्षेत्रबीच न्यायोचित रुपमा बाँडफाँड गरिनेछ ।

१०.६. सार्वजनिक-निजी साझेदारी अवधारणालाई कार्यान्वयन गर्न र निजी क्षेत्रको मनोबल उच्च राख्न स्थानीय सरकारबाट हुने लगानी, सहयोग र प्रतिबद्धता सुनिश्चित गरिनेछ ।

**(ग) नीति ९.३. सँग सम्बधित रणनीतिहरु देहाय बमोजिम हुनेछन् :**

१०.७. सार्वजनिक-निजी साझेदारी अर्न्तगत स्थानीय स्तरमा कार्यान्वयन गर्न सकिने आयोजनाहरुको पहिचान, प्राथमिकीकरण, सम्भाव्यता अध्ययन र आयोजनाको प्रारुप तयार गर्ने कार्यमा निजी क्षेत्रमा उपलब्ध क्षमता, दक्षता, एवं नवीनतम प्रविधिलाई आवश्यकता अनुसार उपयोग गरिनेछ ।

१०.८. सार्वजनिक-निजी साझेदारी सम्बन्धीआयोजनाहरुको निर्माण र व्यवस्थापनमा निजी क्षेत्रमा उपलब्ध व्यावसायिकता, उद्यमशीलता एवम् प्रभावकारितालाई सदुपयोग गरिनेछ ।

१०.९. सार्वजनिक-निजी साझेदारी सम्बन्धीआयोजनाहरुको दिगो सञ्चालन तथा मर्मत सम्भारमा निजी क्षेत्रको जिम्मेवारी सुनिश्चित गरिनेछ ।

**११. कार्यनीति**

**११.१ सार्वजनिक-निजी साझेदारीका अवधारणाको स्पष्टता**

(१) सार्वजनिक पूर्वाधार एवम् सेवाहरुको विकासको सन्दर्भमा प्रचलित सार्वजनिक-निजी साझेदारीका देहायका मान्यताहरु अंगीकार गरिनेछ :

(क) सार्वजनिक-निजीसाझेदारीलाई सार्वजनिक निकाय र निजी निकायबीच निश्चित समयका लागि हुने करारको रुपमा लिइनेछ । यस्तो करारको एकापक्षको रुपमा रहने निजी निकायले आयोजनाको लगानी, निर्माण सञ्चालन, मर्मत सम्भार सबै वा केही पक्षमा आंशिक वा पूर्ण रुपले सिर्जना हुने सम्भावित जोखिम वहन गर्ने । साथै त्यस्तो लगानी वापत उचित मुनाफा आर्जन गर्न सक्ने व्यवस्था हुनु पर्नेछ । सार्वजनिक वा निजी सम्पत्तिको निर्माण वा सञ्चालन वा मर्मत सम्भार वा प्रयोगको माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सार्वजनिक सेवा प्रदान गर्ने कुरा यस्तो करारको विषयवस्तुको रुपमा रहनेछ । यस नीतिको प्रयोजनका लागि “निजी निकाय” भन्नाले सार्वजनिक-निजी साझेदारी मार्फत् आयोजना कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम स्थापना भएका वा मान्यता प्राप्तफर्म, कम्पनी, सहकारी, अन्य संगठित संस्था तथा स्थानीय सामूदायिक संस्था सम्झनु पर्छ ।

(ख) सार्वजनिक निजी साझेदारी करार अन्तरगत सार्वजनिक पूर्वाधारको निर्माण तथा सेवा प्रवाहका लागि निजी निकायले एक निश्चित समयसम्म सो पूर्वाधार सेवा प्रवाह गरी सो वापत प्राप्त हुने दस्तुरको निश्चित अंश लिई आफ्नो लगानीको प्रतिफल प्राप्त गर्ने अधिकार सुनिश्चित गरिएको हुनु पर्नेछ ।

(ग) निजी निकायले निर्माण र सञ्चालन गरेको पूर्वाधार सेवा सम्बन्धी आयोजना सम्झौतामा तोकिएको अवधि पछि सो आयोजना तथा आयोजनासँग सम्बन्धित जग्गा, भवन, उपकरण, अन्य सम्पत्ति, पूर्वाधार र संरचनाहरु स्थानीय सरकारको स्वामित्वमा आउने व्यवस्था गरिएको हुनु पर्नेछ ।

(२) सार्वजनिक निजी साझेदारी आयोजनामा देहायका आधारभूत विशेषताहरु मध्ये अधिकांश विशेषताहरु समिश्रण भएको हुनु पर्नेछ :

(क) पूर्वाधार सेवाको निर्माण, पुनर्स्थापना वा आधुनिकीकरण गर्ने उद्देश्यका लागि निजी निकायको पूर्ण वा आंशिक पूँजी लगानी भएको,

(ख) निजी निकायलाई पूर्वाधार वा सेवाको सञ्चालन, मर्मत वा सेवा प्रदान गर्ने गरी जिम्मेवारी दिइएको वा सञ्चालन तथा मर्मत गर्न दिने गरी आयोजनाको व्यवस्थापन सम्झौता भएको,

(ग) निजी निकायलाई पूर्वनिर्धारित मापनयोग्य मानक अनुसारको कार्यसम्पादनसँग आवद्ध भुक्तानीको व्यवस्था भएको,

(घ) निजी निकायबाट पूर्ण वा आंशिक रुपले आम्दानीको जोखिम व्यहोर्ने व्यवस्था स्वीकार गरिएको,

(ङ) आयोजनाको सम्झौता अवधि स्पष्ट भएको ।

**११.२ सार्वजनिक-निजी साझेदारीका स्वरुपहरु**

सार्वजनिक-निजी साझेदारीका ढाँचाहरु देहाय बमोजिम हुन सक्नेछ:

(क) सञ्चालन पूँजी बाहेक निजी लगानी आवश्यक नपर्ने प्रकृतिको सञ्चालन तथा व्यवस्थापन करार वा सेवा करार,

(ख) न्यून वा उल्लेखनीय निजी पूँजी आवश्यक पर्ने निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण करार,

(ग) माथि खण्ड (क) वा (ख) मा उल्लिखित करारका अन्य रुपहरु ।

**११.३ सार्वजनिक-निजी साझेदारी नमानिने**

आयोजना सम्बन्धी वित्तीय, प्राविधिक, सञ्चालन वा जोखिम सम्बन्धमा स्थानीय सरकार र निजी क्षेत्र दुवैको सहभागिता नरही स्थानीय सरकारले निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने कार्यलाई आयोजना निजी साझेदारी प्रबन्ध मानिनेछैन ।

**११.४ सार्वजनिक-निजी साझेदारी अन्तरगत कार्यान्वयन हुने आयोजनाहरु:**

(अ) सार्वजनिक निकायले सार्वजनिक-निजी साझेदारीका आयोजनाको स्वरुप निर्धारण गर्दा देहायका विशेषता भएका आयोजनाहरुलाई मात्र कार्यान्वयनमा ल्याइनेछ:

(क) उपभोग गरे वापत लाग्ने शुल्क सम्बन्धी नीति तथा दर स्पष्ट व्यवस्था भएको, प्रत्यक्ष शुल्कको व्यवस्था नहुने करारको हकमा भने कुन विधि र प्रक्रिया अनुसार निजी क्षेत्रले भुक्तानी प्राप्त गर्ने सो व्यवस्था उल्लेख भएको हुनु पर्ने,

(ख) सार्वजनिक तथा निजी निकायबीच स्पष्ट जिम्मेवारी तोकिएको,

(ग) जुन निकायले जुन जोखिम वहन गर्न सारभूत रुपमा बढी सक्षम रहन्छ सोही निकायले त्यस्तो जोखिम वहन गर्ने व्यवस्था भएको,

(घ) सम्झौताको कार्यान्वयनका लागि विस्तृत र पर्याप्त व्यवस्थापन गर्ने प्रावधान उल्लेख भएको,

(ङ) सम्झौता अवधिमा पुराना तथा नयाँ निर्माण वा व्यवस्था गरिएका सम्पत्तिहरुको स्वामित्वको सम्बन्धमा सम्झौतामा स्पष्ट व्यवस्था भएको,

(च) आयोजनाको समग्र चक्रको प्रत्येक तहमा प्रभावकारी अनुगमनको व्यवस्था उल्लेख भएको,

(छ) कार्यसम्पादन तथा प्रतिफलमा आधारित भुक्तानी, प्रोत्साहन र जरिवानाको व्यवस्था उल्लेख भएको ।

(आ) देहायका आयोजना सार्वजनिक-निजी साझेदारीको माध्यमबाट कार्यान्वयन गरिने छैन:-

(क) आयोजना सम्बन्धी वित्तिय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी क्षेत्रलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने ,

(ख) सार्वजनिक सम्पत्ति वा दायित्वको निजीकरण हुने,

(ग) सरकारी स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारीकरण हुने,

(घ) सार्वजनिक कार्यको लागि निजी निकायबाट प्रदान गरिएको दान, चन्दा वा उपहार प्राप्त हुने,

(ङ) देशको सुरक्षा सम्बन्धी प्रावधानहरु समावेश हुने आयोजना,

(च) स्थानीय सरकारले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन नगरिने भनी अलग गरेका आयोजनाहरु,

(छ) सार्वजनिक हितका दृष्टिले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न नहुने ।

**११.५. सार्वजनिक-निजी साझेदारी आयोजना छनौटका आधारहरुः**

(अ) देहायका आधारहरुमा सार्वजनिक-निजी साझेदारी बमोजिम कुनै आयोजना कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गरिनेछ :

(क) स्थानीय सरकारले त्यस्तो आयोजनाको लागत व्यहोर्न सक्ने अवस्था भए वा नभएको,

(ख) आयोजनाको कार्यान्वयनका लागि गरिएको खर्च वा लगानीबाट सार्वजनिक स्तरमा गुणात्मक लाभ प्राप्त हुने अवस्था भए वा नभएको,

(ग) आयोजना आर्थिक रुपमा सम्भाव्य भएको,

(घ) स्थानीय सरकार र निजी निकाय बीच जोखिम तथा लाभको उचित ढंगमा बाँडफाँड हुने अवस्था भए वा नभएको ।

(आ) सार्वजनिक-निजी साझेदारी बमोजिम कुनै आयोजना कार्यान्वयनका लागि सार्वजनिक-निजी साझेदारीको ढाँचा छनौट गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्नेछः

(क) आयोजनाको उद्देश्य पूरा हुने उपयुक्त स्वरुप भएको,

(ख) आयोजनाको लागि निजी क्षेत्रको साधन श्रोत उपलब्ध भएको ,

(ग) आयोजनाको डिजाइन, लगानी, निर्माण, सञ्चालन तथा मर्मत सम्भारमा निजी क्षेत्रले वहन गर्न सक्ने भूमिका भएको,

(घ) सम्भावित लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(ङ) उपभोक्ता तथा समुदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको,

(च) वित्तीय संस्था तथा लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(छ) लाभ तथा जोखिम बाँडफाँडको स्वरुप निर्धारण भएको,

(ज) स्थानीय सरकारको आर्थिक तथा व्यवस्थापकीय क्षमता भएको,

(झ) आयोजना सम्झौताको अवधि उल्लेख भएको,

(ञ) जटिल प्रकृतिका सार्वजनिक-निजी साझेदारी सम्झौताहरु कार्यान्वयन गर्न सक्ने मानव संशाधनको उपलब्धता भएको ।

**११.६ आयोजनाहरुको पहिचान र प्राथमिकीकरण**

(अ) **आयोजनाको पहिचान** :सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने आयोजना पहिचान गरी विवरण अद्यावधिक बनाई राख्ने व्यवस्था गरिनेछ । त्यसरी विवरण राख्दा सम्भाव्यता अध्ययन भए वा नभएका आयोजनाको छुट्टाछुट्टै विवरण राखिनेछ ।

(आ) **प्राथमिकता निर्धारण गर्ने** : सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गरिने आयोजनाको प्राथमिकता निर्धारण गरिनेछ । आयोजना कार्यान्वयनको प्राथमिकता निर्धारण गर्दा देहायका क्षेत्रलाई प्राथमिकतामा राखिनेछ (नगर कार्यपालिकाले प्राथमिकता निर्धारण गर्न सक्ने छ) :-

**११.७ आयोजनाको उपयुक्तताको लेखाजोखा**

(क) सम्भाव्यता अध्ययन सम्पन्न भएका आयोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्नु अघि सार्वजनिक-निजी साझेदारी लेखाजोखा समिति (**लेखाजोखा समिति**) ले आयोजनाको खरिद सम्बन्धी कागजात, मस्यौदा आयोजना सम्झौता र सोको सम्भाव्यता अध्ययनको उपयुक्तताको लेखाजोखा गर्ने व्यवस्था गरिनेछ ।

(ख) आयोजनाको उपयुक्तताको लेखाजोखा गरेपछि आयोजना लेखाजोखा समितिले सो सम्बन्धमा आफ्नो धारणा र सुझाव समेत समेटी आफ्नो प्रतिवेदन सार्वजनिक-निजी साझेदारी समिति (**सानिसा समिति**) मा पठाउनु पर्नेछ । सानिसा समितिले आयोजना कार्यान्वयन निकायको रुपमा कार्यगर्नेछ ।

## ११.८ आयोजनाको स्वीकृति

(अ) देहायका आयोजनाहरुको लागि सम्भाव्यता अध्ययन अनुसार आयोजनाको खरिद प्रक्रिया सुरु गर्न स्वीकृति दिने तथा नीतिगत समन्वय गर्ने अख्तियार नगर कार्यपालिकामा रहनेछ:

(१) दूई करोड.रुपैयाँ वा सोभन्दा बढी अनुमानित आयोजना लागत भएको,

(२) सम्भाव्यता न्यून परिपूर्ति कोष वा अन्य कुनै सरकारी अनुदान वा आर्थिक सहयोग आवश्यक भएको,

(३) अन्य स्थानीय सरकार, प्रदेश सरकार वा केन्द्रीय सरकारसँगको साझेदारी वा सहभागितामा कार्यान्वयन गरिने आयोजनाहरु ।

(आ) खण्ड (अ) बमोजिमको आयोजनाको खरिद प्रक्रियाको स्वीकृति पश्चात् प्रस्तावदाता छनौट गर्ने तथा आयोजना सम्झौता गर्ने कार्य भने सानिसा समिति मातहत स्थापना भएको सार्वजनिक-निजी साझेदारी इकाई (**सानिसा इकाई**) ले गर्नेछ । सानिसा इकाईले आयोजना कार्यान्वयन इकाईको रुपमा कार्य गर्नेछ ।

(इ) कार्यपालिकाको कार्यक्षेत्रमा पर्ने आयोजनाहरु बाहेक अन्य आयोजना सानिसा समितिलेआफैले स्वीकृत गरी अघि बढाउन सक्नेछ ।

(ई) स्वीकृत आयोजनाहरु स्थानीय सरकारको बजेट तथा वार्षिक कार्यक्रममा समावेश गरिनेछ ।

## ११.९ आयोजनाको खरिद प्रक्रिया

(१) सार्वजनिक-निजी साझेदारी अर्न्तगत कार्यान्वयन हुने आयोजनाहरुको खरिद प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) योग्यताका लागि दरखास्त माग (Request for Qualification, RFQ) गर्ने । यसरी योग्यताका लागि दरखास्त माग गर्दा कागजातमा उल्लिखित मापदण्डका आधारमा योग्यतामा छनौट भएका दरखास्तवालाहरुको संक्षिप्त सूची सार्वजनिक गर्ने ।

(ख) प्रस्तावको माग (RFP) गर्ने ।

(ग) प्रस्तावको मूल्याङ्कन गरी योग्य प्रस्तावदाताहरुको छनोट गर्ने ।

(घ) प्रस्ताव स्वीकृत गर्ने ।

(ङ) आयोजना सम्झौता गर्ने ।

(२) खरिद प्रक्रियामा अपनाइएको विधि अनुसार योग्यताको चरण (RFQ) र प्रस्तावको चरण (RFP) गरी एक वा दुई चरणमा प्रस्ताव माग गर्न सकिनेछ । यस सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछन्:

(क) बीस लाख रुपैयाँ भन्दा कम आयोजनालागत भएका आयोजनाहरुको विवरणहरु छुट्टाछुट्टै खाममा एकै चरणमा माग गर्नसकिनेछ ।

(ख) प्रथम चरणमा उल्लिखित प्राविधिक प्रस्तावहरुको छनौट नगरी दोस्रो चरणको आर्थिक प्रस्ताव खोलिने छैन ।

(ग) पूर्वनिर्धारित मापदण्डको आधारमा प्राविधिक प्रस्तावमा छनौट भएका प्रस्तावदाताहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

(घ) सारभूत रुपमा प्रभावग्राही भएका प्रस्तावहरुको मात्र प्रक्रिया अगाडि बढाइनेछ ।

## ११.९(क) खरिद प्रक्रियाको प्रथम चरण योग्यताको लागि दरखास्त माग गर्ने चरण (RFQ)

(१) यस चरणमा उल्लिखित व्यवस्था अनुसार इच्छुक आवेदकहरुले योग्यताको लागि दरखास्त पेश गर्न सक्नेछन् । यस्ता दरखास्तहरुमा समग्र प्राविधिक तथा वित्तीय क्षमताहरु प्रस्तुत गरिएको हुनेछ र त्यस्ता दरखास्तहरुको समग्र प्राविधिक तथा वित्तीय क्षमता योग्यता सम्बन्धीकागजातमा उल्लिखित मापदण्डहरुका आधारमा मूल्यांकन गरी योग्यता निर्धारण गरिनेछ ।

(२) यो चरणमा इच्छुक दरखास्तवालाहरुले थप केही प्रष्ट गर्न चाहेमा वा कुनै जानकारी लिन चाहेमा सो गर्न सक्नेछन् । आयोजनाको प्रकृति हेरी दरखास्तदिने समय अगावै सम्बन्धित पक्षहरुसँग छलफल गर्न सकिनेछ ।

(३) सबै दरखास्तहरुलाई पूर्व निर्धारित मापदण्डका आधारमा सानिसा समितिले पारदर्शी ढंगले एक समिति गठन गरी सो समितिबाट मूल्यांकन गर्नेछ र यस्तो कार्यमा वाह्य विशेषज्ञहरुको पनि सहयोग लिन सकिनेछ ।

(४) यसचरणमा छनौट भएका दरखास्तवालाहरुलाई योग्यता निर्धारण गरिएका दरखास्तवालाहरुको रुपमा नामाकरण गरी उक्त दरखास्तवालाहरुलाई मात्र प्रस्ताव आह्वान गर्ने चरणमा समावेश गरिनेछ ।

**११.९(ख) खरिद प्रक्रियाको द्वितीय चरण : प्रस्ताव माग गर्ने चरण (RFP)**

(१) प्रस्ताव आह्वान गर्ने चरणको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) आयोजना सम्झौताका सम्पूर्ण प्रावधानहरु उल्लेख गर्ने ।

(ख) मूल्याङ्कन प्रक्रिया स्पष्ट उल्लेख गर्ने ।

(ग) सर्तहरु स्पष्ट उल्लेख गर्ने ।

(घ) प्रस्ताव तयार गर्ने र बुझाउने बारे मिति तथा प्रक्रियाहरु स्पष्टगर्ने ।

(ङ) उपयुक्त प्रस्तावदाता छनौट गर्न प्राविधिक तथा आर्थिक प्रस्तावहरुका पूर्ण विवरण माग गर्ने ।

(२) दफा ११.७ (ख) को चरणबाट योग्य भई छनौट भएका दरखास्तवालाहरुबाट मात्रै प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख गरिएका प्रावधान अनुसार प्रस्ताव आमन्त्रण गरिनेछ ।

(३) प्रस्ताव दुई खण्डमा विभाजन गरिएका हुनेछन् । प्रथम खण्डमा आयोजनालाई आवश्यक पर्ने कार्यान्वयनको अवधारणा, प्रयोग गर्न सकिने नवीनतम प्रविधि र अन्य प्राविधिक विवरणहरु समावेश गर्नुपर्नेछ । द्वितीय खण्डमा आर्थिक प्रस्तावहरु हुनेछन् जसमा बोलपत्र/दरभाउ/मूल्य र अन्य माग गरिएका विवरणहरु संलग्न गरिनेछन् । साधारणतया आर्थिक प्रस्तावमा गणना गर्न सकिने कुनै एकल आधार (Single Parameter) को मात्र बोलपत्र/दरभाउ/मूल्य वा परिमाण माग गरिनेछ, जसको आधारमा प्रस्तावदाताको छनौट गर्न सकिनेछ ।

(४) आयोजनाको प्रकृति हेरी कुनै खास आयोजनाहरुको हकमा गुणात्मक आधार (Qualitative Parameter)हरु पनि राख्न सकिनेछ । तर यसरी राख्दा, यसको मूल्याङ्कन कसरी र कुन विधिका आधारमा गणना गरिने हो, उल्लेख गरिएको हुनुपर्नेछ ।

(५) आयोजनाको प्रारुप तयार गर्दा यस्ता आधारहरुमा अन्य कुराहरुका अतिरिक्त स्थानीय सरकारको अनुदानको आवश्यकता, वार्षिक भुक्तानी, उपभोक्ताले भुक्तानी गर्ने शुल्क, रोयल्टीको बाँडफाँड, अग्रीम प्राप्त हुने रोयल्टी (Upfront Royalty) बार्षिक रोयल्टी, आयोजना अवधि आदि कुराहरु समावेश गर्न सकिनेछ ।

(६) प्रस्ताव सँगै प्रस्ताव जमानत (Bid Security) र सम्झौता गर्नु अघि कार्यसम्पादन जमानत (Performance Guarantee) दाखिला गनुपर्नेछ । तर आयोजनाको वित्तीय समापन भएपश्चात् कार्यसम्पादन जमानत फिर्ता गर्ने व्यवस्था गरिनेछ ।

(७) प्राविधिक प्रस्तावहरुको मूल्याङ्कन सम्पन्न भई छानिएका प्रस्तावदाताहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

(८) प्रस्ताव आह्वान गर्दा आयोजना सम्झौताको मस्यौदासमेत संलग्न गर्नुपर्नेछ । यस्तो आयोजना सम्झौताको मस्यौदामा सानिसा समितिको र निजी निकायहरुको अधिकार र दायित्व स्पष्ट उल्लेख गर्नुका साथै दफा ११.८मा उल्लिखित विषयहरु उल्लेख गर्नुपर्नेछ ।

(९) यो चरणमा भाग लिने सबै योग्यता निर्धारण गरिएका प्रस्तावदाताहरुलाई आ-आफ्नो कुरा सोधनी गर्ने वा स्पष्ट पर्ने एक पटकको अवसर प्रदान गर्नाप्रस्तावाप्रस्तुत गर्नु अगावै छलफल गर्न सकिनेछ । जटिल प्रकृतिका आयोजनाहरुको लागि एक पटकभन्दा बढी छलफल गर्न सकिनेछ ।

**११.९(ग) प्रस्तावको मूल्याङ्कन**

(१) प्रस्तावहरुको मूल्याङ्कन गर्ने र उपयुक्त प्रस्तावदाताको छनौट गर्ने कार्य प्रस्तावमा उल्लिखित मूल्याङ्कन आधारमा गरिनेछ । यो प्रक्रिया पारदर्शी हुनेछ र यसलाई सानिसा समितिले एक स्वतन्त्र मूल्यांकन समिति गठन गरी उक्त समितिबाट पूर्व निर्धारित मापदण्डका आधारमा मूल्यांकन गरिनेछ ।

(२) सारभूत रुपमा प्रभावग्राही प्रस्तावहरुलाई मात्र मूल्यांकनमा समावेश गरिनेछ ।

(३) प्राविधिक तथा आर्थिक प्रस्तावहरु अलग-अलग समयमा प्रस्तावदाताहरुलाई आमन्त्रण गरी खोलिनेछ ।

**११.९(घ) नमूना दस्तावेजहरुको प्रयोग**

(१) कुनै खास सार्वजनिक-निजी साझेदारी आयोजना वा क्षेत्र वा दुवैलाई उपयोगी हुने नमूना RFP, RFQ वा नमूना आयोजना सम्झौताहरु विभिन्न समयमा तयार गरी जारी गरिनेछ ।

(२) सानिसा समितिले दूई करोड रुपैयाँ भन्दा बढी आयोजना लागत भएका सम्पूर्ण सार्वजनिक-निजी साझेदारी आयोजनाहरुमा नमूना दस्तावेजहरु लागू गर्नेछ ।

(३) दूई करोड भन्दा कम रुपैयाँ भन्दा कम लागत भएका आयोजनाहरुको हकमा यसै नीति र अन्तर्गत बन्ने कार्यविधिका उपयोगी प्रावधानहरुलाई आत्मसात गरी छुट्टै आयोजना सम्झौताहरु प्रयोग हुन सक्नेछन् ।

**११.९(ङ) प्रस्ताव स्वीकृत गर्ने र आयोजना सम्झौता गर्ने**

(१) सम्पूर्ण प्रस्तावहरुको मूल्यांकन पूर्वनिर्धारित मापदण्डका आधारमा सम्पन्न गरी कानूनद्वारा अधिकारप्राप्त अधिकारीबाट उपयुक्त प्रस्तावदाताको प्रस्ताव स्वीकृत गराई सानिसा समितिले स्वीकृत प्रस्तावदातालाई निजले प्रस्तुत गरेको प्रस्ताव स्वीकृत भएकोव्यहोराको पत्र जारी गर्नेछ ।

(२) सो पत्रमा आयोजना सम्झौता गर्न उपस्थित हुँदा पूरा गर्नुपर्ने औपचारिकता पेश गर्नुपर्ने कागजातहरुको विवरण उल्लेख गर्नुपर्नेछ ।

(३) स्वीकृत भएको प्रस्तावदाताले तोकिएको समयभित्र आयोजना सम्झौता गर्न स्वीकार गरेको पत्र लेखी सानिसा समितिमा पेश गर्नुपर्नेछ ।

(४) प्रस्ताव आव्हान गर्दा संलग्न गरिएको मस्यौदा आयोजना सम्झौतालाई अन्तिम रुप दिई प्रस्तावदाता वा निजहरुले स्थापना गरेको कम्पनी सानिसाका अधिकारप्राप्त अधिकारी बीच आयोजना सम्झौता गरिनेछ ।

(५) आयोजना सम्झौता गर्दा प्रस्तावको चरणमा संलग्न गरिएको आयोजना सम्झौताको मस्यौदामा उल्लिखित बुँदाहरुमा कुनै परिवर्तन गरिनेछैन । कुनै कारणवश परिवर्तन गर्नुपरेमा परिवर्तन हुने बुँदाहरुमा प्रस्ताव दर्ता गर्न अगावै सम्पूर्ण प्रस्तावदाताहरुलाई जानकारी गराइएको हुनु पर्नेछ । सम्झौतालाई अन्तिम रुप दिन आवश्यक पर्ने स-साना प्रशासनिक कुराहरु प्रस्ताव मूल्यांकन र उपयुक्त प्रस्तावदाता छनौट गर्ने कार्यलाई कुनै फरक नपर्ने गरी मात्र संशोधन वा परिवर्तन गर्न सकिनेछ ।

**११.१० आयोजना सम्झौतामा खुलाउनु पर्ने कुराहरु**

सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) आयोजनाको विवरण,

(ख) आयोजना कार्यान्वयन शुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) आयोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) आयोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका

(च) आयोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(छ) आयोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) जोखिमको बाँडफाँड र आयोजना अवधिमा जोखिम व्यवस्थापन गरिने विधि, कार्यसम्पादनमा आधारित भुक्तानी सम्बन्धी व्यवस्था, कार्यसम्पादनका मूल्यांकनका वस्तुगत आधार र मापदण्ड ।

(झ) आयोजनाको अनुगमन प्रक्रिया सम्बन्धी विवरण,

(ञ) आयोजना लिजमा दिएको भए सोको विवरण र लिजका शर्तहरु,

(ट) आयोजना सञ्चालन वा हस्तान्तरणका शर्त,

(ठ) आयोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ड) आयोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ढ) आयोजनामा जडित मेशिन तथा आयोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ण) स्थानीय सरकारलाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

(त) आयोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पुरा नगरेको कारणबाट मर्का पर्ने पक्षले प्राप्त गर्ने क्षतिपूर्ति भराउने, सम्झौता उल्लंघन गर्ने पक्षले व्यहोर्नु पर्ने दायित्व तथा सम्झौता रद्द हुने अवस्था,

(थ) काबू बाहिरको परिस्थिति सम्बन्धी व्यवस्था,

(द) सूचना आदान प्रदान सम्बन्धी व्यवस्था,

(ध) कानूनमा हुने परिवर्तनबाट निजी लगानीकर्तालाई कुनै विशेष संरक्षण दिइने भए सो सम्बन्धी व्यवस्था,

(न) लागू हुने कानून, विवाद समाधानको संयन्त्र, विधि र प्रक्रिया,

(प) सम्भाव्यता न्यून परिपूर्ति सम्बन्धी व्यवस्था,

(फ) आयोजनामा स्थानीय सरकारको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो वापत स्थानीय सरकारको प्राप्त गर्ने प्रतिफल,

(ब) आयोजनाको मर्मत सम्भार सम्बन्धी व्यवस्था

(भ) अन्य आवश्यक कुराहरु ।

**११.११ सोझै प्राप्त भएका प्रस्तावहरु**

(१) सानिसा समितिले निजी निकायबाट सोझै प्राप्त भएका प्रस्तावलाई देहायको अवस्थामा स्वीकार गर्न सक्नेछः

(क) प्रतिष्पर्धात्मक प्रक्रियाबाट प्रस्तावदाता छनौट हुन नसकेको आयोजना,

(ख) आयोजनालाई कुनै व्यक्तिको स्वामित्वमा रहेको बौद्धिक सम्पत्ति वा प्रविधि आवश्यक भएकोमा सो आयोजनाको लागि प्रस्ताव गर्ने प्रस्तावदातासँग मात्र त्यस्तो बौद्धिक सम्पत्ति वा प्रविधि रहेको भएमा, वा

(ग) स्थानीय जनसमुदायका स्थानीय आवश्यकताहरुलाई पूर्ति गर्नका लागि स्थानीय सामूदायिक संस्थाबाट प्राप्त भएका प्रस्तावहरु,

(घ) कार्यपालिकाले आयोजना रणनीतिक महत्वको छ भनी स्वीकार गरेमा,

**स्पष्टीकरणः** "सोझै प्राप्त भएको प्रस्ताव" भन्नाले सानिसा समितिले आव्हान नगरेको तर कुनै इच्छुक निजी निकायबाट पहिचान गरी कार्यान्वयनका लागि पेश गरिएको प्रस्ताव सम्झनुपर्छ ।

(२) सानिसा समितिलेसोझै प्राप्त भएको प्रस्तावलाई पुनरावलोकन गर्दा आकर्षक र लाभदायी भएमा त्यस्तो प्रस्ताव पेश गर्ने प्रस्तावकलाई सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्न लगाउन सक्नेछ । तर उपदफा (१) को खण्ड (क) बमोजिमको अवस्था भएमा पुनः सम्भाव्यता अध्ययन गराउन आवश्यक हुने छैन ।

(३) सम्भाव्यता अध्ययन प्रतिवेदन अध्ययन गर्दा सो आयोजनाबाट सार्वजनिक हित हुने देखिएमा सानिसा समितिले नगर कार्यपालिकाको सैद्धान्तिक सहमतिका लागि पेश गर्नेछ ।

(४) कार्यपालिकाले आयोजना अघि बढाउन सैद्धान्तिक सहमति दिएमा उपयुक्तता लेखाजोखा समितिले उक्त आयोजनाको उपयुक्तताको लेखाजोखा गर्नुपर्नेछ ।

(५) उपयुक्तताको लेखाजोखा सम्पन्न गरेपश्चात् सानिसा समितिले प्रतिष्पर्धात्मक विधिबाट उक्त आयोजना कार्यान्वयनका लागि प्रस्ताव आव्हान गर्नेछ ।

(६) उपदफा (५) बमोजिमको प्रस्तावमा सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक पनि सहभागी हुन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम प्राप्त भएका प्रस्तावहरुको मूल्यांकन भएपछि छनौट भएको योग्य प्रस्तावकले कबोल गरेको शर्तहरुसँग सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक मञ्जुर भएमा सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकलाई छनौट गरी आयोजना कार्यान्वयन गरिनेछ ।

(८) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले भाग नलिएमा वा निजले छनौटयोग्य प्रस्तावकको प्रस्ताव अनुसार काम गर्न मञ्जुर नगरेमा प्रस्तावकलाई उक्त आयोजना कार्यान्वयन गर्न दिइने छैन ।

(९) सोझै प्रस्ताव गर्ने प्रस्तावकले प्रस्तावमा सहभागी भएको तर छनौटयोग्य प्रस्तावक हुन नसकेको र छनौटयोग्य प्रस्तावकले पेश गरेको प्रस्ताव पनि स्वीकार नगरेको अवस्था भए त्यस्तो अवस्थामा छनौटयोग्य प्रस्तावदाताले प्रस्ताव आव्हानको लिखतमा उल्लेख गरिएको सम्भाव्यता अध्ययनमा भएको खर्च वापतको रकम त्यसरी सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकलाई भुक्तानी गर्नुपर्नेछ ।

(१०) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले आयोजना कार्यान्वयन गर्न पाएमा निजले छनौटयोग्य प्रस्तावकलाई प्रस्ताव आव्हानको लिखतमा उल्लेख गरिएको सम्भाव्यता अध्ययनमा भएको खर्च वापतको रकम भुक्तानी गर्नुपर्नेछ ।

(११) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक एक जनाले मात्र प्रस्तावमा सहभागी भएमा प्रस्ताव आव्हानको लिखतमा उल्लिखित शर्तहरुका आधारमा प्रस्तावकको प्रस्ताव स्वीकृत गर्न सकिनेछ ।

(१२) उपदफा (११) मा उल्लिखित अवस्थामा पनि सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकको प्रस्ताव स्वीकृत नभएमा कार्यपालिकाले सम्भाव्यता अध्ययन गर्दा लागेको पूर्वनिर्धारित खर्च भुक्तानी गर्नेछ ।

(१३) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (घ) बमोजिमको आयोजनाको लागत रु. पाँच लाख भन्दा बढी नभएमा सानिसा समितिले सोझै वार्ताको माध्यमद्वारा सम्बन्धित स्थानीय सामूदायिक संस्थालाई त्यस्तो आयोजना कार्यान्वयन गर्न अनुमति दिन सक्नेछ ।

**११.१२ वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न सक्ने :**

(१) देहायका अवस्थामा कुनै आयोजना वार्ताद्वारा कार्यान्वयन गराउन सकिनेछ :

(क) कम्तीमा तीन पटक मनसायपत्र वा प्रस्ताव आव्हान गर्दा पनि आवश्यक संख्यामा मनसायपत्र वा प्रस्ताव छनौट हुन नसकेको, वा

(ख) आयोजनाको प्रकृति वा लागतको कारण प्रतिष्पर्धा हुन सक्ने सम्भावना नभएको,

(ग) नयाँ अवधारणा वा प्रविधि समावेश भएको,

(घ) स्थानीय सामूदायिक संघसंस्थाबाट कार्यान्वयन गरिने तोकिएको रकमसम्म अनुमानित आयोजना लागत भएको,

(२) कुनै आयोजना वार्ताद्वारा कार्यन्वयन गर्न चाहने व्यक्तिले तोकिएको कुराहरु खुलाई सानिसा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(३) प्राप्त निवेदन जाचबुझ गर्दा वार्ताद्वारा सो आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सानिसा समितिले निवेदकसँग वार्ता गरी कार्यान्वयन गराउनेछ ।

तर नगर कार्यपालिकाको स्वीकृति आवश्यक पर्ने आयोजनाहरु वार्ताद्वारा कार्यान्वयन गर्न कार्यपालिकाबाट स्वीकृति प्राप्त गर्नुपर्नेछ ।

**११.१३ गैरसरकारी वा सामुदायिक संघसंस्था मार्फत् आयोजना कार्यान्वयन गर्न सकिने**

तोकिएको रकमसम्मको आयोजना लागत भएका साना आयोजना स्थानीय गैरसरकारी संस्था वा सामुदायिक संस्थालाई प्राथिमकता दिई कार्यान्वयन गर्न सकिनेछ । तर यसरी आयोजना कार्यान्वयन गर्दा यस नीति तथा नीति अन्तर्गत बन्ने कानूनमा उल्लिखित प्रक्रिया पालना गरिनेछ ।

**११.१४ संघ, प्रदेश वा अन्य स्थानीय सरकारसँग मिली आयोजना कार्यान्वयन गर्न सक्ने**

संघ, प्रदेश वा अन्य स्थानीय सरकारसँगको सहकार्य र समझदारीमा सार्वजनिक-निजी साझेदारी आयोजना कार्यान्वयन गर्न सकिनेछ ।

**११.१५ सार्वजनिक-निजी साझेदारी आयोजनाको लागि जग्गा प्राप्ति**

(१) स्थानीय सार्वजनिक-निजी साझेदारी आयोजनाको लागि आवश्यक पर्ने जग्गा नेपाल सरकार वा स्थानीय सरकारले सानिसा समितिलाई उपलब्ध गराउनेछ ।

(२) नेपाल सरकार वा स्थानीय सरकारले सार्वजनिक-निजी साझेदारी आयोजनाको लागि जग्गा प्राप्त गर्दा जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून तथा पूर्वाधार विकासका लागि जग्गा प्राप्ति पुर्नवास तथा पूनर्स्थापना सम्बन्धी नीति २०७१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) आयोजनाको प्रकृति हेरी सो जग्गा बापत भुक्तानी भएको क्षतिपूर्ति रकमको सम्पूर्ण वा आंशिक रकम खरिद सम्बन्धी कागजातमा उल्लेख भए अनुसार निजी निकायबाट र शोधभर्ना गराउने वा यसरी सरकारी सम्पत्ति प्रयोग गरेबापत निजी निकायबाट रोयल्टी असुल गर्नसकिने छ ।

(४) सार्वजनिक-निजी साझेदारी आयोजनाको लागि जग्गा प्राप्त गर्दा हदबंन्दीभन्दा बढी राखेको जग्गा, सरकारबाट प्राप्त गरिने जग्गा घरसहितका जग्गाहरुको पुनस्थापना, स्वीकृति नलिई बनाएका घर तथा बाली जफत गर्ने तथा जग्गा प्राप्ति सम्बन्धी अधिकारहरुका सम्बन्धमा जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून, यस सम्बन्धी नीति तथा विभिन्न समयमा नेपाल सरकारले जारी गरेका आदेशहरुको अवलम्बन गरिनेछ ।

**११.१६ जोखिम र लाभको बाँडफाँडको प्रक्रिया**

(१) सार्वजनिक-निजी साझेदारी आयोजनाहरुको जोखिम र लाभको बाँडफाँड तथा व्यवस्थापन गर्न “सार्वजनिक हितको सिद्धान्त” लाई केन्द्रमा राखी जोखिम व्यवस्थापन गर्न सबैभन्दा सक्षम निकायलाई उक्त जोखिमको मुख्य हिस्सा दिइनेछ ।

(२) जोखिम तथा लाभको बाँडफाँडको प्रारुप आयोजनाको सम्भाव्यता अध्ययन र अवसरको विश्लेषण गर्दाको समयमा उल्लिखित विवरणमा आधारित हुनेछ र जोखिम तथा लाभको बाँडफाँडको विषयलाई आयोजना सम्झौता तयार गर्दा विशेष व्यवस्थाको रुपमा राखिनेछ ।

(३) सार्वजनिक-निजी साझेदारी आयोजनाहरुको जोखिम र लाभको बाँडफाँड तथा व्यवस्थापन गर्दा प्रचलित सिद्धान्तको सिमाभित्र रही देहाय बमोजिम गरिनेछ :

(क) आयोजनासँग सम्बन्धित पूर्वानुमान गर्न सकिने सम्पूर्ण जोखिम सम्बन्धी जानकारी एकैसाथ सङ्कलन गरी त्यस्ता जोखिमहरुको व्यवस्थापन आयोजना सम्झौता गर्दाको बखतमा नै गरिनेछ ।

(ख) आयोजनासँग सम्बद्ध निजी तथा सार्वजनिक दुवै निकायको नियन्त्रण बाहिरका जोखिमहरु माथि उल्लिखित सिद्धान्तको आधारमा सम्झौता अनुसार निर्क्योल गर्ने व्यवस्था गरिनेछ ।

(ग) आयोजना सम्झौतामा जोखिमको सीमा निर्धारण गर्न सकिनेछ ।

(घ) आयोजना सम्झौतामा पूर्वानुमान गर्न कठिन पर्ने र उच्च परिवर्तनशील सर्तहरुको सम्बन्धमा पुनरावलोकन गर्न प्रक्रियाको व्यवस्था गरिनेछ । यस्तो पुनरावलोकन गर्ने सम्बन्धी व्यवस्था सानिसा समितिबाट जारी हुन् निर्देशिकामा पुनरावलोकन गर्ने अवधि, आधार, मापक, र त्यसले पार्ने प्रभाव जस्ता व्यहोरा उल्लेख गरिनेछ ।

(ङ) डिजाईन, निर्माण, आयोजना व्यवस्थापन, वातावरणीय नियमहरुको पालना, गुणस्तर, प्राविधिक स्तर र दक्षता सम्बन्धी जोखिम निजी क्षेत्रको निकायलाई दिइनेछ ।

(च) सेवा आयोगको लागत र वित्तीय व्यवस्थापन खर्च, शुल्क असुली तथा मुनाफा सम्बन्धी जोखिम निजी क्षेत्रको निकायलाई मात्र दिइनेछ ।

(छ) अनुमति र स्वीकृति, जग्गा प्राप्ति, अन्तर-सरकारी निकाय बिचको समन्वय र सरकारले दिने योगदानको रकम सम्बन्धी जोखिमको जिम्मेवारी सानिसा समितिको हुनेछ ।

(ज) निजी निकायको आफ्नो खर्च लागे बनाएको वा पुनर्निर्माण गरेको सम्पत्ति आयोजना कार्यान्वयन निकायको स्वामित्वमा रहने भएमा वा सम्झौताको अवधि समाप्त भएपछि स्थानीय सरकारलाई हस्तान्तरण गर्नुपर्ने भएमा वा सम्झौता रद्द वा खारेज भएमा सो सम्बन्धी दायित्व आयोजना सम्झौतामा उल्लेख भए अनुसार फरफारक गरिनेछ । तर त्यस्तो जोखिमको भार सम्झौता रद्ध गर्नु परेको कारणमा आधारित हुनेछ ।

(झ) काबू बहिरको परिस्थितिजन्य कारणबाट सिर्जना भएका प्रत्यक्ष वा अप्रक्ष्यक्ष जोखिमहरू बिमाद्वारा व्यवस्थापन गरिनेछ, बिमाद्वारा व्यवस्थित हुन नसकेका विषयहरुको बारेमा आयोजना सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(ञ) आयोजनाको लाभको बाँडफाँड गर्दा सो आयोजनाको सम्झौता अवस्थामा विशेष व्यवस्थाका रुपमा उल्लेख गरिनेछ ।

स्पष्टीकरण : यस सम्बन्धी अन्य विस्तृत व्यवस्था आयोजना सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

## ११.१७ विवाद समाधान

### (अ) छनौट प्रक्रिया वा निर्णय सम्बन्धी विवादको समाधान

सार्वजनिक निकायबाट सार्वजनिक-निजी साझेदारी प्रबन्ध अन्तरगत प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णयको सम्बन्धमा भएको विवादका सम्बन्धमा उजुरी सुन्ने अख्तियार सम्बन्धित सानिसा समितिको प्रमुखलाई हुनेछ । प्रमुखको निर्णयमा चित्त नबुझ्ने पक्षले सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था गरिनेछ ।

### (आ) सम्झौता अन्तरगतको विवादको समाधान

(क) आयोजना सम्झौतामा प्रचलित नेपाल कानून लागू हुनेछ ।

(ख) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा सानिसा समिति र अनुमतिपत्र प्राप्त व्यक्तिबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद पक्षहरुबीच छलफल गरी आपसी समझदारीबाट समाधान गर्नुपर्नेछ ।

(ग) आपसी समझदारीबाट विवाद समाधान नभएमा विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ ।

(घ) मध्यस्थताद्वारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ।

(ङ) विशेष प्रकृतिका आयोजनाहरुका हकमा लागू हुने कानून र विवाद समाधान सम्बन्धमा छुट्टै व्यवस्था गर्नुपर्ने देखिएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(इ) **क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः**

आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले सम्बद्ध कानून वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी वापतको मनासिब माफिकको रकम सो काम गर्ने पक्षले अर्को पक्षलाई क्षतिपूर्ति वापत बुझाउनु पर्ने व्यवस्था सम्झौतामा गरिनेछ ।

## १२. संस्थागत संरचना

### १२.१ कार्यपालिकाः

(१) देहायका आयोजनाहरुको लागि सम्भाव्यता अध्ययन अनुसार आयोजनाको खरिद प्रक्रिया सुरु गर्न स्वीकृति दिने तथा नीतिगत समन्वय गर्ने अख्तियार कार्यपालिकामा रहने व्यवस्था गरिनेछः

(क) दूई करोड रुपैयाँ वा सोभन्दा बढी अनुमानित आयोजना लागत भएको,

(ख) सम्भाव्यता न्यून परिपूर्ति कोष वा अन्य कुनै सरकारी अनुदान वा आर्थिक सहयोग आवश्यक भएको,

(ग) अन्य स्थानीय सरकार, प्रदेश सरकार वा केन्द्रीय सरकारसँगको साझेदारी वा सहभागितामा कार्यान्वयन गरिने आयोजनाहरु ।

(२) आयोजना कार्यान्वयनका हकमा कार्यपालिकाको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक-निजी साझेदारीसँग सम्बन्धित सम्पूर्ण नीतिगत विषयहरुमा मार्गदर्शन गर्ने,

(ख) सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने आयोजनाहरुको पहिचान गर्ने,

(ग) सार्वजनिक-निजी साझेदारीका लागि लगानीका क्षेत्रहरु पहिचान गर्ने,

(घ) कार्यपालिकाको कार्यक्षेत्र पर्ने आयोजनाहरुको सम्भाव्यता अध्ययन, खरिद सम्बन्धी कागजात तथा मस्यौदा आयोजना सम्झौता लगायत आयोजनालाई खरिद प्रक्रियामा लैजान स्वीकृति प्रदान गर्ने,

(ङ) सार्वजनिक-निजी साझेदारीमा सञ्चालित आयोजनाको कार्यान्वयनमा सम्बद्ध निकायहरुसँग आवश्यक समन्वय गर्ने ।

### १२.२ सार्वजनिक-निजी साझेदारी समिति :

(१) आयोजना कार्यान्वयन गर्नका लागि कार्यपालिकाको अध्यक्ष/प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको एक सार्वजनिक-निजी साझेदारी समिति (**"सानिसा समिति"**)रहनेछ :

| | | |
|---|---|---|
| (क) | कार्यपालिकाको प्रमुख | अध्यक्ष |
| (ख) | कार्यपालिकाको उपप्रमुख . | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | पूर्वाधार विकास महाशाखा प्रमुख | सदस्य |
| (ङ) | सानिसा सम्बन्धी क्षेत्रका समितिले तोकेको विज्ञ १ जना | सदस्य |
| (च) | नगरकार्यपालिकाको विषयगत समितिको संयोजक | सदस्य |
| (छ) | नगरमा क्रियाशिल उद्योग वाणिज्य संग सम्बन्धित संस्थाका प्रमुखहरु मध्येबाट ४ जना | सदस्य |

उपर्युक्त बमोजिमको आयोजनाको खरिद प्रक्रियाको स्वीकृति पश्चात् प्रस्तावदाता छनौट गर्ने तथा आयोजना सम्झौता गर्ने कार्य भने सानिसा इकाईले गर्नेछ ।

(२) कार्यपालिकाको कार्यक्षेत्र भित्र पर्ने आयोजनाहरु बाहेक अन्य आयोजनाको हकमा त्यस्तो आयोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्न तथा आयोजना सम्झौताको स्वीकृति दिने अख्तियारी सानिसा समितिमा रहनेछ ।

(३) सार्वजनिक निजी साझेदारी समितिमा आवश्यकता अनुसार नगरपालिकाका विभागीय प्रमुखहरु सदस्यको रुपमा राख्न सकिनेछ ।

### १२.३ सानिसा इकाई

(१) आयोजनाको तयारी, विकास, मूल्यांकन, खरिद, प्रस्ताव छनौट, वार्ता, सम्झौतामा हस्ताक्षर, कार्यान्वयन तथा अनुगमनका लागि सानिसा समितिले प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा आवश्यकता अनुसार

सम्बद्ध विभागका विभागीय प्रमुख तथा अधिकृतहरु रहने गरी प्रत्येक आयोजनाका लागिसानिसा इकाईको गठन गर्नेछ ।

(२) सानिसा इकाईको मुख्य काम तथा कर्तव्य देहाय बमोजिम हुनेछः

(क) कुनै आयोजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्नु पर्ने आधार र कारणको मूल्यांकन गर्ने,

(ख) आयोजनाको प्रारम्भिक मूल्यांकन गर्ने,

(ग) आयोजनको सम्भाव्यता अध्ययन गर्ने, गराउने,

(घ) आयोजनाको उपयुक्तताको लेखाजोखाका लागि आयोजना लेखाजोखा समितिमा पेश गर्ने,

(ङ) आयोजना कार्यान्वयनका लागि आवश्यक लिखत कागजातहरु तयार गर्ने,

(च) प्रस्ताव आव्हान गर्ने, मूल्यांकन गर्ने तथा प्रस्तावदाताको छनौट गर्ने,

(छ) छनौट भएको प्रस्तावकसँग वार्ता गर्ने तथा आयोजना सम्झौता गर्ने,

(ज) आयोजना सम्झौताको व्यवस्थापन तथा कार्यान्वयन गर्ने,

(झ) आयोजना कार्यान्वयनका सम्बन्धमा सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

### १२.४ आयोजना लेखाजोखा समितिः

(१) सानिसा समितिले आयोजनाको उपयुक्तताको लेखाजोखा गर्न सम्बन्धित विषयको विशेषज्ञ समेत रहने गरी बढीमा पाँच सदस्य रहेको एक आयोजना लेखाजोखा समिति (**"लेखाजोखा समिति"**) गठन गर्नेछ ।

(२) सम्भाव्यता अध्ययन सम्पन्न भएका आयोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्नु अघि लेखाजोखा समितिले आयोजनाको खरिद सम्बन्धी कागजात, मस्यौदा आयोजना सम्झौता र सोको सम्भाव्यता अध्ययनको उपयुक्तताको लेखाजोखा गर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखाजोखा समितिले आयोजनाको उपयुक्तताको लेखाजोखा गर्दा सार्वजनिक-निजी साझेदारी छनौटका आधारहरुलाई समेत विश्लेषण गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम आयोजनाको उपयुक्तताको लेखाजोखा गरेपछि लेखाजोखा समितिले सो सम्बन्धमा आफ्नो धारणा र सुझाव समेत समेटी आफ्नो प्रतिवेदन सानिसा समितिमा पठाउनेछ ।

(५) लेखाजोखा समितिले आफूले उपयुक्तताको लेखाजोखा गरेका सबै आयोजनाहरुको कार्यान्वयन गर्दा स्थानीय सरकारमा पर्न सक्ने आकस्मिक दायित्वको अभिलेख राख्नुपर्नेछ ।

(६) केन्द्रीय स्तरमा निर्माण भएको सार्वजनिक-निजी साझेदारी सम्बन्धी कानूनले आयोजना लागत वा आयोजनको प्रकृतिको आधारमा कुनै खास संयन्त्रबाट आयोजनाको उपयुक्तताको लेखाजोखा गर्ने सम्बन्धमा व्यवस्था गरेको भए त्यस्तो आयोजनाको लेखाजोखा सो कानून बमोजिम गराइनेछ ।

## १३. आर्थिक पक्ष

### १३.१ बजेट व्यवस्था

स्थानीय सरकारले सार्वजनिक-निजी साझेदारी आयोजनाको बजेट विनियोजन सम्बन्धमा निर्णय गर्नेछ । यस्तो आयोजनाको लागि छुट्याइएको बजेट स्थानीय तहको बजेट पुस्तिकामा उल्लेख गर्नुपर्नेछ ।

### १३.२ क्षमता विकास

आयोजना कार्यान्वयन गर्ने सार्वजनिक तथा निजी निकायहरुका जनशक्तिहरुको क्षमता विकास गर्न विभिन्न कार्यशाला, गोष्ठी, भेला, सम्मेलन तथा तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ । त्यस्तो कार्यको संयोजन गर्न आयोजना कार्यान्वयन निकायले आवश्यकता अनुसार परामर्शदाताहरु नियुक्त गर्न सक्नेछ ।

### १३.३ विज्ञहरुको नियुक्ति

सानिसा समितिले सम्पूर्ण वा आंशिक समय काम गर्ने गरी सार्वजनिक-निजी साझेदारीका आयोजनाको उपयुक्तताको लेखाजोखा, खरिद प्रक्रिया तथा अन्य सम्बन्धित कामको लागि विज्ञहरु नियुक्त गर्नसक्नेछ ।

### १३.४ सम्भाव्यता न्यून परिपूर्ति कोष

(१) स्थानीय सरकारले सम्भाव्य आयको तुलनामा लागत बढी हुने आयोजनालाई अनुदान उपलब्ध गराउन सम्भाव्यता न्युन परिपूर्ति कोष खडा गर्न सक्नेछ ।

(२) केन्द्रीय स्तरमा जारी भएको सार्वजनिक-निजी साझेदारी नीति, २०७२ वा सो अन्तरगत निर्माण भएका केन्द्रीय कानून बमोजिम स्थानीय स्तरमा कार्यान्वयन हुने आयोजनाले सम्भाव्यता न्यून परिपूर्ति कोषको सुविधा पाउने अवस्थामा सोही बमोजिम आयोजनालाई अनुदान उपलब्ध गराउन सहयोग गरिनेछ।

**१३.५ पूँजीगत सहभागिता**

(१) उपदफा (२) मा उल्लिखित आधार र कारणबाट औचित्य पुष्टि हुने भएमा विशेष अवस्थामा स्थानीय सरकारले पच्चीस प्रतिशतमा नबढ्ने गरी आयोजनामा शेयर पूँजी लगानी गर्नसक्नेछ।

(२) देहायका आधारहरु विद्यमान भएमा मात्र स्थानीय सरकारले आयोजनामा शेयर पूँजी लगानी गर्न सक्नेछः

(क) आयोजनाको आर्थिक सम्भाव्यता वृद्धि हुने भएमा,

(ख) आयोजनाको निर्माण तथा सञ्चालनमा सानिसा समितिको उपस्थिति बलियो हुने भएमा,

(ग) लगानीकर्तालाई सहज वातावरण सिर्जना हुने भएमा,

(घ) आयोजनाको उचित अनुगमनका लागि शेयर लगानी आवश्यक हुने भएमा।

**१३.६ कर छुट तथा मिनाहा**

स्थानीय सरकारले आयोजनाको प्रकृति र विशेषता हेरी संविधान तथा प्रचलित कानूनको अधीनमा रही सार्वजनिक-निजी साझेदारी आयोजनाको लागि कर छुट वा मिनाहा दिन आवश्यक भएमा कर सम्बन्धी ऐनमा व्यवस्था गरी छुट दिन सक्नेछ।

**१३.७ आर्थिक दायित्व व्यहोर्ने श्रोतहरु**

(१) आवश्यकता अनुसार संस्थागत व्यवस्था मिलाउने, आयोजना छनौट गर्ने, विस्तृत सम्भाव्यता अध्ययन गराउने, आयोजनाको सुपरिक्षण गराउने र सफल निजी क्षेत्र छनौट गर्ने जस्ता प्रशासनिक प्रक्रियाहरुमा लाग्ने खर्च स्थानीय सरकारको स्रोतबाट व्यहोरिनेछ।

(२) जग्गा खरिदगर्ने कार्यमा लाग्ने खर्च स्थानीय सरकारको स्रोतबाट आवश्यक परेमा सुरुमा व्यहोरिनेछ। तर आयोजनाको प्रकृति हेरी उक्त खर्च रकम निजी क्षेत्रबाट शोधभर्ना गराउने वा रोयल्टी/भाडा/लिज शूल्क असुल गर्ने भन्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाइनेछ।

(३) आयोजना कार्यान्वयन गर्दा लाग्ने सम्पूर्ण आर्थिक दायित्व निजी क्षेत्रबाट व्यहोरिनेछ। तर आयोजना कार्यान्वयन इकाइको प्रशासनिक खर्च सार्वजनिक निकायले व्यहोर्नेछ।

**१३.८ खर्च व्यवस्थापन तथा लेखापरीक्षण**

(१) सार्वजनिक तथा निजी क्षेत्रको खर्च व्यवस्थापन तथा लेखा परीक्षण कानूनद्वारा तोकिएका निकायहरुले गर्नेछन्।

(२) सार्वजनिक-निजी साझेदारी आयोजनाको कार्यान्वयन तथा सञ्चालन चरणमा भएका आम्दानी तथा खर्चहरुको लेखापरीक्षण प्रतिवेदन निजी निकायले सार्वजनिक निकायलाई वार्षिक रुपमा प्रस्तुत गर्नुपर्नेछ।

**१४. कानूनी व्यवस्था**

(१) यो नीति कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानूनी व्यवस्था गर्नेछ। सार्वजनिक-निजी साझेदारी आयोजनाको सम्बन्धमा बन्ने ऐन, नियम, निर्देशिका तथा मार्गदर्शनहरु निर्माण गर्दा यो नीतिलाई आधार मानिनेछ।

(२) आयोजनाको तयारी, सम्भाव्यता अध्ययन, उपयुक्तताको लेखाजोखा, खरिद प्रक्रिया, नमूना दस्तावेज लगायत यस सम्बन्धी विषयमा निर्देशिका तयार गरी जारी गर्नेछ।

**१५. अनुगमन तथा मूल्यांकन**

(१) सार्वजनिक-निजी साझेदारीको अवधारणा अनुसार कार्यान्वयन, सञ्चालन तथा हस्तान्तरण गरिने आयोजनाको नियमन, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रक्रियाहरुलाई सरल, स्पष्ट र प्रभावकारी बनाइनेछ। सो सम्बन्धी व्यवस्था आयोजना सम्झौतामा उल्लेख गरिनेछ।

(२) सार्वजनिक-निजी साझेदारीका आयोजनाको वित्तीय वातावरणको पुनरावलोकन गर्न समय समयमा कार्यदल गठन गरी मूल्याङ्कन गराउन सकिनेछ।

(३) सम्पूर्ण सार्वजनिक-निजी साझेदारी आयोजनाहरुको जिम्मेवारी आयोजना कार्यान्वयन इकाइ मार्फत् सम्बन्धित सार्वजनिक निकायमा रहनेछ।

(४) सार्वजनिक-निजी साझेदारीको माध्यमबाट सञ्चालित आयोजनाको कार्यान्वयनबाट मुलुकमा के कस्ता प्रतिफलहरु प्राप्त भए, यस नीतिको लक्ष्य तथा उद्देश्यहरु प्राप्तिमा देखिएका समस्याहरुको कसरी समाधान गर्नुपर्ने हो सो समेतको मूल्याङ्कन गरी वार्षिक रुपमा प्रतिवेदन कार्यपालिकामा प्रस्तुत गरिनेछ ।

**१६. जोखिम**

यो नीति कार्यान्वयन गर्दा मुख्यत: सार्वजनिक क्षेत्रले निम्न प्रकृतिका जोखिमहरुको सामना गर्नुपर्ने हुनसक्छ :-

(१) आयोजनाहरुको पर्याप्त तयारी विना नै कार्यान्वयनमा लगिएमा आयोजनाहरु सफल हुन नसक्ने तथा आयोजनाहरुले धेरै विवादहरु सामना गर्नपर्ने हुनसक्छ ।

(२) आयोजनाहरुको लागि जग्गा अधिकरण तथा पुनर्स्थापनाको व्यवस्था जटिल हुन गई आयोजनाहरुको कार्यान्वयनमा ढिलाई हुने तथा निजी क्षेत्रलाई दिनुपर्ने हुनसक्छ ।

(३) आयोजनाहरुको कार्यान्वयनका क्रममा गुणस्तर, लागत, सञ्चालन, हस्तान्तरण तथा अनुमान गर्न नसकिने जोखिम सम्बन्धी विवाद समाधान गर्ने संयन्त्रको पर्याप्त व्यवस्था आयोजना सम्झौतामा कानून सम्मत तरिकाले समावेश नभएमा आयोजनाहरु अधुरा रहने, ठूलो क्षतिपूर्ति व्यहोर्नु पर्ने एवम् हस्तान्तरण नै हुन नसक्ने सम्मको अवस्था आइपर्न सक्छ ।

**१७. आयोजना हस्तान्तरण**

(१) आयोजना सम्झौताको अवधि समाप्त भएपछि निजी निकायले आयोजनाको भौतिक संरचना र सम्पत्ति चालु अवस्थामा स्थानीय सरकारलाई हस्तान्तरण गर्नुपर्नेछ ।

(२) उपदफा(१) बमोजिम हस्तान्तरण गर्ने मितिभन्दा एक वर्ष अगाडि देखि सानिसा समितिको सुपरिवेक्षणमा सम्झौतामा उल्लेख भए बमोजिम आवश्यक मर्मत संभार गरी हस्तान्तरण गर्नुपर्नेछ र सो प्रयोजनको लागि सानिसा समितिले प्रतिनिधिहरु खटाई पठाउनु पर्नेछ ।

**प्रस्ताव नं २.३.३**

**बुटवल उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी विधेयक, २०७४ सम्बन्धमा ।**

**निर्णय नं २.३.३**

आजको बैठकको कार्य सूचि नं ४ मा रहेको र मिति २०७४/११/१० मा बसेको दोश्रो नगर सभाको पहिलो बैठकको कार्यसूची नं. ९ मा टेबुल भएको **बुटवल उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी विधेयक, २०७४"** माथिको छलफलमा भाग लिने सभासदहरुको बोल्ने क्रम समाप्त भएको हुदा नगर सभा सञ्चालन कार्यविधि २०७४ को दफा १६ बमोजिम **बुटवल उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी विधेयक, २०७४"** सभामा निर्णयार्थ पेश हुदा सर्वसम्मति भएकोले देहाय बमोजिमको **बुटवल उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी विधेयक, २०७४"** पारित गर्ने निर्णय गरियो ।

**सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४**

सार्वजनिक निजी साझेदारीको माध्यमबाट स्थानीय तहमा पूर्वाधार संरचनाको निर्माण र सञ्चालन तथा सार्वजनिक सेवा प्रवाह गरी नगरको वृहत सामाजिक तथा आर्थिक विकास गर्न तथा सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिमको बुटवल नगर सभाले यो ऐन बनाएकोछ ।

**परिच्छेद १**

**<u>प्रारम्भिक</u>**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७४" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "अनुमतिपत्र" भन्नाले आयोजना कार्यान्वयन गर्न दफा ३३ बमोजिम दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ख) “अनुमतिपत्र प्राप्त व्यक्ति” भन्नाले आयोजना कार्यान्वियन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ग) “अध्यक्ष” भन्नाले कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(घ) “अनुमानित आयोजना लागत” भन्नाले देहायमध्ये जुन बढी हुन्छ, सो लागतलाई जनाउनेछः

(१) आयोजना कार्यान्वयन गर्ने निकायले सम्भाव्यता अध्ययनमा उल्लेख गरेको आयोजना विकासमा लाग्ने रकम, वा

(२) सम्भाव्यता अध्ययनका क्रममा उल्लिखित सार्वजनिक निकायबाट निजी निकायमा जाने जम्मा अनुमानित रकमको खुद वर्तमान मूल्य (पछिल्लो सरकारी ऋणपत्रको दरमा दुई प्रतिशत थप गर्दा हुन आउने रकम ।)

(ङ) “आयोजना” भन्नाले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने कुनै नयाँ पूर्वाधार संरचनाको डिजाइन, निर्माण, विकास, सञ्चालन वा व्यवस्थापन सम्झनु पर्छ र सो शब्दले देहायका कुरा समेत जनाउनेछः

(१) मौजुदा पूर्वाधार संरचनाको पुनर्स्थापना, आधुनिकीकरण, विस्तार वा सञ्चालन तथा व्यवस्थापन,

(२) विकास निर्माणको कार्य,

(३) सार्वजनिक सेवा सुविधाको प्रवाह ।

(च) “कार्यपालिका” भन्नाले बुटवल नगर कार्यपालिका सम्झनु पर्छ ।

(छ) “निजी निकाय” भन्नाले सार्वजनिक निजी साझेदारी अन्तरगत आयोजना कार्यान्वयन गर्ने सार्वजनिक निकाय बाहेकको निकाय सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापना भएका वा मान्यता प्राप्त फर्म, कम्पनी, सहकारी, स्थानीय सामूदायिक संस्था वा गैरसरकारी संस्था सम्झनु पर्छ ।

(ज) “निर्माण” भन्नाले पूर्वाधार संरचनाको निर्माण, विकास वा पुनर्स्थापना गर्ने कार्य सम्झनु पर्छ ।

(झ) “प्रमुख भन्नाले” बुटवल उपमहानगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ञ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बुटवल नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ट) “पुनर्स्थापना” भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निर्माण गरी पुनर्स्थापना गर्ने काम सम्झनु पर्छ ।

(ठ) “पूर्वाधार संरचना” भन्नाले स्थानीय स्तरका विकास आयोजनाहरु, स्थानीय सडक, ग्रामीण सडक, पुल, अस्पताल, नहर, साना विद्युत उत्पादन तथा वितरण, वैकल्पिक उर्जा, केबुलकार लाइन, ट्रलीबस संरचना, ट्रामवे, प्रदर्शनीस्थल, पार्क, जलाशय, बाँध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, कृषि, वन, सिचाई तथा पर्यटनसँग सम्बन्धित संरचना,रङ्गशाला, सार्वजनिक सभागृह, बहुआवासीय भवन वा सार्वजनिक गोदामघर सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ ।

(ड) “लेखाजोखा समिति” भन्नाले दफा १२ को उपदफा (१) बमोजिम स्थापना हुने आयोजना लेखाजोखा समिति सम्झनु पर्छ ।

(ढ) “सम्झौता” भन्नाले आयोजना कार्यान्वियन गर्न दफा २९ बमोजिम प्रस्तावकसँग गरिएको सम्झौता सम्झनु पर्छ ।

(ण) “सर्वेक्षण” भन्नाले आयोजना कार्यान्वयन गर्नको लागि गरिने सर्वेक्षण सम्झनु पर्छ र सो शब्दले आयोजनाको सम्भाव्यता अध्ययन, इञ्जिनियरिङ डिजाइन कार्य र त्यसको लागि गरिने अन्वेषण समेतलाई जनाउँछ ।

(त) “सानिसा” भन्नाले सार्वजनिक निजी साझेदारी लाई सम्झनु पर्छ ।

(थ) “सानिसा इकाई” भन्नाले दफा ११ को उपदफा (१) बमोजिम स्थापना हुने सार्वजनिक निजी साझेदारी इकाई सम्झनु पर्छ ।

(द) “सानिसा समिति” भन्नाले दफा १० को उपदफा (१) बमोजिमको सार्वजनिक निजी साझेदारी समितिसम्झनु पर्छ ।

(ध) “सरकार” भन्नाले स्थानीय सरकार, प्रदेश सरकार, नेपाल सरकार समेतलाई सम्झनुपर्छ ।

(न) “सार्वजनिक निजी साझेदारी” भन्नाले सार्वजनिक सेवासँग सम्बन्धित कुनै आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन वा सम्भार तथा वित्तीय लगानीमा आंशिक वा पूर्ण रुपमा निजी क्षेत्रलाई संलग्न गराउने गरी सार्वजनिक निकाय तथा निजी निकायबीच भएको करारीय प्रबन्ध सम्झनुपर्छ ।

(प) “स्थानीय सरकार” भन्नाल बुटवल उप-महानगरपालिका सम्झनु पर्छ ।

(फ) “सोझै प्राप्त भएको प्रस्ताव” भन्नाले सानिसा समितिले आव्हान नगरेको तर कुनै इच्छुक निजी निकायबाट पहिचान गरी कार्यान्वयनका लागि पेश गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ब) “शुल्क” भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए वापत उपभोक्तासँग लिन सेवा शुल्क सम्झनु पर्छ ।

(भ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(म) “खरिद ऐन” भन्नाले सार्वजनिक खरिद ऐन २०६३ सम्झनुपर्दछ ।

## परिच्छेद २

## सार्वजनिक निजी साझेदारीको ढाँचा

३. **सार्वजनिक निजी लगानीमा आयोजना कार्यान्वयन गर्न सकिने** : (१) पूर्वाधार संरचना सम्बन्धी कुनै आयोजना सार्वजनिक निजी साझेदारीमा यस ऐन बमोजिम कार्यान्वयन गर्न सकिनेछ ।

(२) सार्वजनिक-निजी साझेदारी आयोजनामा देहायका विशेषताहरुमध्ये अधिकांश विशेषताहरु समिश्रण भएको हुनु पर्नेछः

(क) पूर्वाधार सेवाको निर्माण, पुनर्स्थापना वा आधुनिकीकरण गर्ने उद्देश्यका लागि निजी निकायको पूर्ण वा आंशिक पूँजी लगानी भएको,

(ख) निजी निकायलाई पूर्वाधार वा सेवाको सञ्चालन, मर्मत वा सेवा प्रदान गर्ने गरी जिम्मेवारी दिइएको वा सञ्चालन तथा मर्मत गर्न दिने गरी आयोजनाको व्यवस्थापन सम्झौता भएको,

(ग) निजी निकायलाई पूर्वनिर्धारित मापनयोग्य मानक अनुसारको कार्यसम्पादनसँग आवद्ध भुक्तानीको व्यवस्था भएको,

(घ) निजी निकायबाट पूर्ण वा आंशिक रुपले आम्दानीको जोखिम व्यहोर्ने व्यवस्था स्वीकार गरिएको,

(ङ) आयोजनाको सम्झौता अवधि स्पष्ट भएको ।

४. **सार्वजनिक निजी साझेदारीका ढाँचाहरुः** दफा ३को अधीनमा रही सार्वजनिक निजी साझेदारीकाढाँचाहरु देहाय बमोजिम हुन सक्नेछः

(क) सञ्चालन पूँजी बाहेक निजी लगानी आवश्यक नपर्ने प्रकृतिको सञ्चालन तथा व्यवस्थापन करार,

(ख) न्यून वा उल्लेखनीय निजी पूँजी आवश्यक पर्ने निर्माण, स्वामीत्वकरण, सञ्चालन तथा हस्तान्तरण करार,

(ग) माथि खण्ड (क) वा (ख) मा उल्लिखित करारका अन्य रुपहरु ।

५. **सार्वजनिक निजी साझेदारी नमानिने अवस्थाः**यस ऐनको प्रयोजनका लागि आयोजना सम्बन्धी वित्तीय, प्राविधिक, सञ्चालन वा जोखिम सम्बन्धमा स्थानीय सरकार र निजी निकाय दुवैको सहभागिता नरही स्थानीय सरकारले निजी निकायबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने कार्यलाई सार्वजनिकनिजी साझेदारी प्रबन्ध मानिने छैन ।

६. **सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन नगरिने आयोजना** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका आयोजना सार्वजनिक-निजी साझेदारीको माध्यमबाट कार्यान्वयन गरिने छैनः-

(क) आयोजना सम्बन्धी वित्तीय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी निकायलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने ,

(ख) सार्वजनिक सम्पत्ति वा दायित्वको निजीकरण हुने,

(ग) सरकारी स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारीकरण हुने,

(घ) सार्वजनिक कार्यको लागि निजी निकायबाट प्रदान गरिएको दान, चन्दा वा उपहार प्राप्त हुने,

(ङ) देशको सुरक्षा सम्बन्धी प्रावधानहरु समावेश हुनेआयोजना,

(च) स्थानीय सरकारले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन नगरिने भनी अलग गरेका आयोजनाहरु,

(छ) सार्वजनिक हितका दृष्टिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न नहुने आयोजनाहरु ।

७. **सार्वजनिक निजी साझेदारी आयोजना छनौटका आधारहरु**:(१) देहायका मुख्यआधारहरुमा सार्वजनिक निजी साझेदारी बमोजिम कुनै आयोजना कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गरिनेछः

(क) स्थानीय सरकारले त्यस्तो आयोजनाको लागत व्यहोर्न सक्ने अवस्था भए वा नभएको,

(ख) आयोजनाको कार्यान्वयनका लागि गरिएको खर्च वा लगानीबाट सार्वजनिक स्तरमा गुणात्मक लाभ प्राप्त हुने अवस्था भए वा नभएको,

(ग) आयोजना आर्थिक रुपमा सम्भाव्य भए वा नभएको,

(घ) स्थानीय सरकार र निजी निकायबीच जोखिम तथा लाभको उचित ढंगमा बाँडफाँड हुने अवस्था भए वा नभएको ।

(२) सार्वजनिक निजी साझेदारी बमोजिम कुनै आयोजना कार्यान्वयनका लागि सार्वजनिक निजी साझेदारीको ढाँचा छनौट गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्नेछः

(क) आयोजनाको उद्देश्य पूरा हुने उपयुक्त स्वरुप भएको,

(ख) आयोजनाको लागि निजी निकायको साधन श्रोत उपलब्ध भएको ,

(ग) आयोजनाको डिजाइन, लगानी, निर्माण, सञ्चालन तथा मर्मत सम्भारमा निजी निकायले वहन गर्न सक्ने भूमिका भएको,

(घ) सम्भावित लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(ङ) उपभोक्ता तथा समूदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको,

(च) वित्तीय संस्था तथा लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(छ) लाभ तथा जोखिम बाँडफाँडको स्वरुप निर्धारण भएको,

(ज) स्थानीय सरकारको आर्थिक तथा व्यवस्थापकीय क्षमता भएको,

(झ) आयोजना सम्झौताको अवधि उल्लेख भएको,

(ञ) जटिल प्रकृतिका सार्वजनिक निजी साझेदारी सम्झौताहरु कार्यान्वयन गर्न सक्ने मानव संशाधनको उपलब्धता भएको ।

८. **सार्वजनिक खरिद कानून आकर्षित नहुने**:यस ऐन बमोजिमको आयोजनाको पहिचान, स्वीकृति, निजी निकायको छनौट, अनुगमन तथा कार्यान्वयन यसै ऐनको व्यवस्था बमोजिम गरिनेछ र सो सम्बन्धमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको व्यवस्था लागू हुनेछैन ।

## परिच्छेद ३
## संस्थागत संरचना

९. **कार्यपालिकाः** (१) देहायका आयोजनाहरुको लागि सम्भाव्यता अध्ययन अनुसार आयोजनाको खरिद प्रक्रिया सुरु गर्न स्वीकृति दिने तथा नीतिगत समन्वय गर्ने कार्य कार्यपालिकाबाट हुनेछः

(क) दुई करोड रुपैयाँ वा सोभन्दा बढी अनुमानित आयोजना लागत भएको,

(ख) सम्भाव्यता न्यून परिपूर्ति कोष वा अन्य कुनै सरकारी अनुदान वा आर्थिक सहयोग आवश्यक भएको,

(ग) अन्य स्थानीय सरकार, प्रदेश सरकार वा केन्द्रीय सरकारसँगको साझेदारी वा सहभागितामा कार्यान्वयन गरिने आयोजनाहरु ।

तर उपर्युक्त बमोजिमको आयोजनाको खरिद प्रक्रियाको स्वीकृति पश्चात् प्रस्तावदाता छनौट गर्ने तथा आयोजना सम्झौता गर्ने कार्य भने दफा १० बमोजिमको सानिसा समितिले गर्नेछ ।

(२) कार्यपालिकाको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक निजी साझेदारीसँग सम्बन्धित सम्पूर्ण नीतिगत विषयहरुमा मार्गदर्शन गर्ने,

(ख) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने आयोजनाहरुको पहिचान गर्ने,

(ग) सार्वजनिक निजी साझेदारीका लागि लगानीका क्षेत्रहरु पहिचान गर्ने,

(घ) उपदफा (१) बमोजिमको सार्वजनिक निजी साझेदारीका आयोजनाहरुको सम्भाव्यता अध्ययन, खरिद सम्बन्धी कागजात तथा मस्यौदा आयोजना सम्झौता लगायत आयोजनालाई खरिद प्रक्रियामा लैजान स्वीकृति प्रदान गर्ने,

(ङ) सार्वजनिक निजी साझेदारीमा सञ्चालित आयोजनाका कार्यान्वयनमा सम्बद्ध निकायहरुसँग आवश्यक समन्वय गर्ने ।

१०. **सानिसा समितिः**(१) यस ऐन बमोजिमको आयोजना कार्यान्वयन गर्नका लागि कार्यपालिकाको प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको प्रत्येक आयोजनाका लागि एक सानिसा समिति रहनेछः

| | |
|---|---|
| (क) कार्यपालिकाको प्रमुख | अध्यक्ष |
| (ख) कार्यपालिकाको उपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) पूर्वाधार विकास महाशाखा प्रमुख | सदस्य |
| (ङ) सानिसा सम्बन्धि क्षेत्रका समितिले तोकेको विज्ञ १ जना | सदस्य |
| (च) नगरकार्यपालिकाको विषयगत समितिको संयोजक | सदस्य |
| (छ) नगरमा क्रियाशिल उद्योग वाणिज्य संग सम्बन्धित संस्थाका प्रमुखहरु मध्येबाट ४ जना | सदस्य |
| (ज) आर्थिक प्रशासन महाशाखा प्रमुख | सदस्य सचिव |

(२) दफा ९ को उपदफा (१) मा उल्लिखित आयोजनाहरु बाहेक अन्य आयोजनाको हकमा त्यस्तो आयोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्न तथा आयोजना सम्झौताको स्वीकृति दिने अख्तियारी सानिसा समितिमा रहनेछ ।

(३) सानिसा समितिको बैठकको कार्यविधि र निर्णय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. **सानिसा इकाईः** (१) दफा १० को उपदफा (२) को अधीनमा रही आयोजनाको तयारी, विकास, मूल्यांकन, खरिद, प्रस्ताव छनौट, वार्ता, सम्झौतामा हस्ताक्षर, कार्यान्वयन तथा अनुगमनका लागि सानिसा समितिले प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा आवश्यकता अनुसार सम्बद्ध विभागका विभागीय प्रमुख तथा अधिकृतहरु रहने गरी सानिसा इकाईको गठन गर्नेछ ।

(२) सानिसा इकाईको मुख्य काम तथा कर्तव्य देहाय बमोजिम हुनेछः

(क) कुनै आयोजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्नुपर्ने आधार र कारणको मूल्यांकन गर्ने,

(ख) आयोजनाको प्रारम्भिक मूल्यांकन गर्ने,

(ग) आयोजनको सम्भाव्यता अध्ययन गर्ने, गराउने,

(घ) आयोजनाको उपयुक्तताको लेखाजोखाका लागि आयोजना लेखाजोखा समितिमा पेश गर्ने,

(ङ) आयोजना कार्यान्वयनका लागि आवश्यक लिखत कागजातहरु तयार गर्ने,

(च) प्रस्ताव आव्हान गर्ने, मूल्यांकन गर्ने तथा प्रस्तावदाताको छनौट गर्ने,

(छ) छनौट भएको प्रस्तावकसँग वार्ता गर्ने तथा आयोजना सम्झौता गर्ने,

(ज) आयोजना सम्झौताको व्यवस्थापन तथा कार्यान्वयन गर्ने,

(झ) आयोजना कार्यान्वयनका सम्बन्धमा सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(३) सानिसा ईकाइ को बैठकको कार्यविधि र निर्णय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. **लेखाजोखा समितिः** (१) यस ऐन बमोजिम आयोजना कार्यान्वयन गर्ने निकायले आयोजनाको उपयुक्तताको लेखाजोखा गर्न सम्बन्धित विषयको विशेषज्ञ समेत रहने गरी बढीमा ५ (पाँच) सदस्य रहेको तोकिए बमोजिमको लेखाजोखा समिति गठन गर्नेछ ।

(२) सम्भाव्यता अध्ययन सम्पन्न भएका आयोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्नु अघि लेखाजोखा समितिले आयोजनाको खरिद सम्बन्धी कागजात, मस्यौदा आयोजना सम्झौता र सोको सम्भाव्यता अध्ययनको उपयुक्तताको लेखाजोखा गर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखाजोखा समितिले आयोजनाको उपयुक्तताको लेखाजोखा गर्दा दफा ७ मा उल्लिखित आधारहरुलाई समेत विश्लेषण गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम आयोजनाको उपयुक्तताको लेखाजोखा गरेपछि लेखाजोखा समितिले सो सम्बन्धमा आफ्नो धारणा र सुझाव समेत समेटी आफ्नो प्रतिवेदन सानिसा समितिमा पठाउनेछ ।

(५) लेखाजोखा समितिले आफूले उपयुक्तताको लेखाजोखा गरेका सबै आयोजनाहरुको कार्यान्वयन गर्दा स्थानीय सरकारमा पर्न सक्ने आकस्मिक दायित्वको अभिलेख राख्नुपर्नेछ ।

(६) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रीय स्तरमा निर्माण भएको सार्वजनिक निजी साझेदारी सम्बन्धी कानुनले आयोजना लागत वा आयोजनको प्रकृतिको आधारमा कुनै खास संयन्त्रबाट आयोजनाको उपयुक्तताको लेखाजोखा गर्ने सम्बन्धमा व्यवस्था गरेको भए त्यस्तो आयोजनाको लेखाजोखा सो कानुन बमोजिम गराइनेछ ।

(७) लेखाजोखा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४
## आयोजनाको पहिचान र स्वीकृति सम्बन्धी व्यवस्था

१३. **आयोजना पहिचान गर्ने** : (१) सानिसा समितिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने आयोजना पहिचान गरी विवरण अद्यावधिक बनाई राख्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा सानिसा समितिलेसम्भाव्यता अध्ययन भए वा नभएका आयोजनाको छुट्टाछुट्टै विवरण राख्नु पर्नेछ ।

१४. **प्राथमिकता निर्धारण गर्ने** : (१) सानिसा समितिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने आयोजनाको प्राथमिकता निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयनको प्राथमिकता निर्धारण गर्दा तोकिएका क्षेत्रलाई तोकिए बमोजिमको प्राथमिकताका आधारमा राख्नु पर्नेछ ।

१५. **आयोजना स्वीकृत गराउनु पर्नेः** (१) सानिसा समितिलेदफा ९ को उपदफा (१) मा उल्लिखितआयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न उपयुक्त देखेमा तोकिए बमोजिमका विवरण खुलाई कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना स्वीकृत गराउँदा उक्त आयोजना कुन तरिकाबाट कार्यान्वयन गर्न सकिने हो सो समेत उल्लेख गर्नुपर्नेछ ।

(३) कुनै आयोजना एक भन्दा बढी तरिकाबाट कार्यान्वयन गर्न सकिने भए एक भन्दा बढी तरिका उल्लेख गरी स्वीकृत गराउन सकिनेछ ।

(४) दफा ९ को उपदफा (१) मा उल्लिखित आयोजनाहरु बाहेक अन्य आयोजना सानिसा समिति आफैले स्वीकृत गरी अघि बढाउन सक्नेछ ।

(५) यस दफा बमोजिमस्वीकृत भएकाआयोजनाहरु स्थानीय सरकारको बजेट तथा वार्षिक कार्यक्रममा समावेश गरिनेछ ।

## परिच्छेद ५
## आयोजनाको खरिद प्रक्रिया सम्बन्धी व्यवस्था

१६. **खरिद प्रक्रियाका चरणहरु**:(१) यस ऐन बमोजिम पहिचान र स्वीकृति भएका आयोजनाहरुको खरिद प्रक्रिया सामान्यतया देहाय बमोजिम हुनेछः

(क) योग्यताका लागि मनसायपत्र आव्हान गर्ने,

(ख) योग्यतामा छनौट भएका दरखास्तवालाहरुको संक्षिप्त सूची तयार गर्ने,

(घ) प्रस्तावको माग गर्ने,

(ङ) प्रस्तावको मूल्यांकन गरी योग्य प्रस्तावकको छनौट गर्ने,

(च) प्रस्ताव स्वीकृत गर्ने,

(छ) छनौट भएको प्रस्तावकसँग आयोजना सम्झौता गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीस लाख रुपैयाँभन्दा कम अनुमानित आयोजना लागत भएका आयोजनाहरुको हकमा योग्यता सम्बन्धी दरखास्त र प्रस्तावसम्बन्धी विवरणहरु छुट्टाछुटै खामममा एकै चरणमा माग गर्न सकिनेछ ।

१७. **मनसायपत्र आव्हान गर्न सक्ने** : (१) सानिसा इकाईले दफा १६ बमोजिम स्वीकृत आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र सानिसा इकाई समक्ष मनसायपत्र पेश गर्नु पर्नेछ ।

१८. **संक्षिप्त सूची तयार गर्ने** : सानिसा इकाईले मनसायपत्र प्राप्त भएको मितिले तीस दिनभित्र तोकिएको आधारमा मनसायपत्र पेश गर्ने व्यक्तिहरु छनौट गरी सोको संक्षिप्त सूची तयार गर्नेछ।

१९. **प्रस्ताव आव्हान गर्न सक्ने** : (१) सानिसा इकाईले दफा १८ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सो सूचीमा परेका मनसायपत्र पेश गर्ने व्यक्तिबाट आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका विवरणहरु खुलाई साही उपदफा बमोजिम प्रकशित सूचनामा उल्लिखित समयावधिभित्र सानिसा इकाई समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

२०. **सोझै प्रस्ताव आव्हान गर्न सक्ने** : दफा १७मा जुनसुकै कुरा लेखिएको भएतापनि पहिले नै सम्भाव्यता अध्ययन भईसकेको वा तोकिए बमोजिम भन्दा कम लागतको आयोजना भए सानिसा इकाईलेआयोजनाकार्यान्वयन गर्ने सम्बन्धमा तोकिएको कुराहरु खुलाइ सार्वजनिक रूपमा सुचना प्रकाशन गरी सोझै प्रस्ताव आव्हान गर्न सक्नेछ ।

२१. **प्रस्तावको मूल्यांकन गर्ने**:प्राप्त प्रस्तावहरुको मूल्यांकन गर्न सानिसा इकाईले एउटा छुट्टै प्रस्ताव मूल्यांकन समिति गठन गर्नेछ ।

(२) प्रस्ताव मूल्यांकन समितिले देहायका आधारमा प्रस्ताव प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सम्पूर्ण प्रस्तावहरुको मूल्यांकन गर्नुपर्नेछः

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता,

(ग) आयोजनाको प्रकृति अनुसार सरकारलाई बुझाउने प्रस्तावित रोयल्टी रकम वा आयोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित शुल्क,

(घ) प्रस्तावित सेवाका स्तर,

(ङ) नवीनतम वा उन्नत प्रविधिको प्रयोग,

(च) तोकिए बमोजिमका अन्य विवरण ।

(३) मूल्यांकन समितिले उपदफा (२) बमोजिम मूल्यांकन सम्पन्न गरी सोको प्रतिवेदन सानिसा इकाई समक्ष पेश गर्नेछ ।

२२. **प्रस्ताव छनौट गर्ने** : (१) सानसिा इकाईले दफा २३ बमोजिमको मूल्यांकन प्रतिवेदनका आधारमा प्रस्ताव प्राप्त भएको मितिले तीस दिनभित्र प्रस्ताव छनौट गर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि सानिसा इकाईलेसोको जानकारी छिटो साधनद्वारा छनौट भएको प्रस्तावकले दिनु पर्नेछ।

२३. **वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न सक्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनिदेहायका अवस्थामा कुनै आयोजना वार्ताद्वारा कार्यान्वयन गराउन सकिनेछ :

(क) यस ऐन बमोजिम कम्तीमा दुई पटक मनसायपत्र वा प्रस्ताव आव्हान गर्दा पनि आवश्यक संख्यामा मनसायपत्र वा प्रस्ताव छनौट हुन नसकेको, वा

(ख) आयोजनाको प्रकृति वा लागतको कारण प्रतिष्पर्धा हुन सक्ने सम्भावना नभएको, वा

(ग) नयाँ अवधारणा वा प्रविधि समावेश भएको, वा

(घ) स्थानीय सामूदायिक संघसंस्थाबाट कार्यान्वयन गरिने तोकिएको रकमसम्म अनुमानित आयोजना लागत भएको ।

(३) उपदफा (१) बमोजिमको कुनै आयोजनावार्ताद्वारा कार्यन्वयन गर्न चाहने व्यक्तिले तोकिएको कुराहरु खुलाई सानिसा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाचबुझ गर्दा वार्ताद्वारा सो आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सानिसा समितिलेनिवेदकसँग वार्ता गरी कार्यान्वयन गराउनेछ।

तर दफा ९ को उपदफा (१) मा उल्लिखित आयोजनाहरु वा दफा २३ को उपदफा (१) को खण्ड (ख) र (ग) का आयोजनाहरु भए सानिसा समितिले त्यस्ता आयोजनाहरु कार्यान्वयन गर्न कार्यपालिकाबाट स्वीकृति प्राप्त गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम वार्ताद्वारा आयोजना कार्यान्वयन गर्दा सानिसा समितिले निवेदकसँग दफा २८बमोजिमकोविवरण माग गर्न सक्नेछ ।

२४. **समझदारीपत्र गर्न सक्ने** : दफा २२बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा २३ को उपदफा (५) बमोजिम माग गरिएको विवरणका आधारमा आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सानिसा इकाईलेप्रस्तावकसँग आयोजनाको कार्यान्वयन गर्न सम्बन्धमा समझदारीपत्र सम्पन्न गर्न सक्नेछ ।

तर परियोजनाको प्रकृति हेरी सानिसा इकाईले प्रस्तावकसँग प्रारम्भिक आयोजना सम्झौता गर्न सक्नेछ ।

२५. **आयोजना विवरण पेश गर्नु पर्ने** : (१) दफा २४ बमोजिम समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता गरेकोमा सो समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौतामा उल्लिखित समयावधि र समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता नगरेकोमा आयोजनाको प्रकृतिहेरीदुई सय सत्तरी दिनमा नबढ्ने गरी सानिसा इकाईले तोकेको समयावधिभित्र प्रस्तावकले आयोजना कार्यान्वयन सम्बन्धी तोकिए बमोजिमका विवरणहरुसानिसा इकाई समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसक्ने कुनै मनासिव कारण देखाइ समयावधि थपको लागिसानिसा इकाई समक्ष निवेदन दिएमा सानिसा इकाईले बढीमा नब्बे दिनको समयावधि थप गरिदिन सक्नेछ ।

२६. **रद्द गर्न सक्ने** : (१) दफा २५ बमोजिमको समयावधिभित्र प्रस्तावकले विवरण पेश नगरेमा वा त्यसरी पेश गरिएको विवरण अध्ययन गर्दा आयोजना कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा सानिसा इकाईले सो कारण खुलाई प्रस्तावकसँग समभ्कदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता गरेको भए त्यस्तो समभ्कदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता र समभ्कदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता नगरेकोमा निजको प्रस्ताव रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समभ्कदारीपत्र, प्रारम्भिक आयोजना सम्झौता वा प्रस्ताव रद्द भएमा प्रस्तावकले सानिसा इकाईसँग कुनै किसिमको हानि नोक्सानी वापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

२७. **वार्ताद्वारा आयोजना विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नका लागि सानिसा समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिब देखिएमा सानिसा समितिलेनिवेदकसँग वार्ता गरी त्यस्तो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति स्वयले व्यहोर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै आयोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउँदा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो आयोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

२८. **सोभ्कै प्राप्त भएको प्रस्ताव मार्फत् आयोजना कार्यान्वयन गर्न सकिने :** (१) सानिसा समितिले निजी निकायबाट सोभ्कै प्राप्त भएका प्रस्तावलाई ऐन तथा नियमावली बमोजिम कार्यान्वयनगर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव देहायको अवस्थामा स्वीकार गर्न सकिनेछः

(क) प्रतिष्पर्धात्मक प्रक्रियाबाट प्रस्तावदाता छनौट हुन नसकेको आयोजना,

(ख) आयोजनालाई कुनै व्यक्तिको स्वामीत्वमा रहेको बौद्धिक सम्पत्ति वा प्रविधि आवश्यक भएकोमा सो आयोजनाको लागि प्रस्ताव गर्ने प्रस्तावदातासँग मात्र त्यस्तो बौद्धिक सम्पत्ति वा प्रविधि रहेको भएमा, वा

(ग) स्थानीय जनसमुदायका स्थानीय आवश्यकताहरुलाई पूर्ति गर्नका लागि स्थानीय सामूदायिक संस्थाबाट प्राप्त भएका प्रस्तावहरु, वा

(घ) कार्यपालिकाले आयोजना रणनीतिक महत्वको छ भनी स्वीकार गरेमा ।

(३) सानिसा समितिले उपदफा (१) बमोजिम सोभ्कै प्राप्त भएको प्रस्तावलाई पुनरावलोकन गर्दा आकर्षक र लाभदायी भएमा त्यस्तो प्रस्ताव पेश गर्ने प्रस्तावकलाई सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्न लगाउन सक्नेछ ।

तर उपदफा (२) को खण्ड (क) बमोजिमको अवस्था भएमा पुनः सम्भाव्यता अध्ययन गराउन आवश्यक हुने छैन ।

(४) उपदफा (३) बमोजिमको सम्भाव्यता अध्ययन प्रतिवेदन अध्ययन गर्दा सो आयोजनाबाट सार्वजनिक हित हुने देखिएमा सानिसा समितिले कार्यपालिकाको सैद्धान्तिक सहमतिका लागि पेश गर्नेछ ।

(५) उपदफा (४) बमोजिम कार्यपालिकाले आयोजना अघि बढाउन सैद्धान्तिक सहमति दिएमालेखाजोखा समितिले उक्त आयोजनाको उपयुक्तताको लेखाजोखा गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम उपयुक्तताको लेखाजोखा सम्पन्न गरेपश्चात् सानिसा समितिले उक्त आयोजना कार्यान्वयनका लागि यस ऐन बमोजिम प्रस्ताव आव्हान गर्नेछ ।

(७) उपदफा (६) बमोजिमको प्रस्तावमा सोभ्कै प्रस्ताव पेश गर्ने प्रस्तावक पनि सहभागी हुन सक्नेछ।

(८) उपदफा (६) बमोजिम प्राप्त भएका प्रस्तावहरुको मूल्यांकन भएपछि छनौट भएको योग्य प्रस्तावकले कबोल गरेको शर्तहरुसँग सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक मञ्जुर भएमा सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकलाई छनौट गरी आयोजना कार्यान्वयन गरिनेछ ।

(९) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले भाग नलिएमा वा निजले छनौटयोग्य प्रस्तावकको प्रस्ताव अनुसार काम गर्न मञ्जुर नगरेमा प्रस्तावकलाई उक्त आयोजना कार्यान्वयन गर्न दिइने छैन ।

(१०) सोझै प्रस्ताव गर्ने प्रस्तावकले प्रस्तावमा सहभागी भएको तर छनौटयोग्य प्रस्तावक हुन नसकेको र छनौटयोग्य प्रस्तावकले पेश गरेको प्रस्ताव पनि स्वीकार नगरेको अवस्था भए त्यस्तो अवस्थामा छनौटयोग्य प्रस्तावदाताले प्रस्ताव आव्हानको लिखतमा उल्लेख गरिएको सम्भाव्यता अध्ययनमा भएको खर्च वापतको रकम त्यसरी सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकलाई भुक्तानी गर्नुपर्नेछ ।

(११) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले आयोजना कार्यान्वयन गर्न पाएमा निजले छनौटयोग्य प्रस्तावकलाई प्रस्ताव आव्हानको लिखतमा उल्लेख गरिएको सम्भाव्यता अध्ययनमा भएको खर्च वापतको रकम भुक्तानी गर्नुपर्नेछ ।

(१२) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक एक जनाले मात्र प्रस्तावमा सहभागी भएमा प्रस्ताव आव्हानको लिखतमा उल्लिखित शर्तहरुका आधारमा प्रस्तावकको प्रस्ताव स्वीकृत गर्न सकिनेछ ।

(१३) उपदफा (१२) मा उल्लिखित अवस्थामा पनि सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकको प्रस्ताव स्वीकृत नभएमा कार्यपालिकाले सम्भाव्यता अध्ययन गर्दा लागेको पूर्वनिर्धारित खर्च भुक्तानी गर्नेछ ।

(१४) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (घ) बमोजिमको आयोजनाको अनुमानित लागत रु. पाँच लाख रुपैयाँ भन्दा बढी नभएमा सानिसा समितिले सोझै वार्ताको माध्यमद्वारा सम्बन्धित स्थानीय सामूदायिक संस्थालाई त्यस्तो आयोजना कार्यान्वयन गर्न अनुमति दिन सक्नेछ ।

२९. **सम्झौता गर्ने** : (१) दफा २५ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा सानिसा समितिले प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा सानिसा समितिको तर्फबाट प्रमुख प्रशासकीय अधिकृतले हस्ताक्षर गर्नेछ ।

(३) प्रस्तावकले दफा २८ को उपदफा (१) बमोजिमको विवरण सम्झौतामा लेखिएको अवधिभित्र पेश गर्नुपर्नेछ । सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा प्रस्तावकसँग भएको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

३०. **सम्झौता खुलाउनु पर्ने कुराहरु** : सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) आयोजनाको विवरण,

(ख) आयोजना कार्यान्वयन शुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) आयोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) आयोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका

(च) आयोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(छ) आयोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) जोखिमको बाँडफाँड र आयोजना अवधिमा जोखिम व्यवस्थापन गरिने विधि, कार्यसम्पादनमा आधारित भुक्तानी सम्बन्धी व्यवस्था, कार्यसम्पादनका मूल्यांकनका वस्तुगत आधार र मापदण्ड ।

(झ) आयोजनाको अनुगमन प्रक्रिया सम्बन्धी विवरण,

(ञ) आयोजना लिजमा दिएको भए सोको विवरण र लिजका शर्तहरु,

(ट) आयोजना सञ्चालन वा हस्तान्तरणका शर्त,

(ठ) आयोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ड) आयोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ढ) आयोजनामा जडित मेशिन तथा आयोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ण) स्थानीय सरकारलाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

(त) आयोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पुरा नगरेको कारणबाट मर्का पर्ने पक्षले प्राप्त गर्ने क्षतिपूर्ति भराउने, सम्झौता उल्लंघन गर्ने पक्षले व्यहोर्नु पर्ने दायित्व तथा सम्झौता रद्द हुने अवस्था,

(थ) काबू बाहिरको परिस्थिति सम्बन्धी व्यवस्था,

(द) सूचना आदान प्रदान सम्बन्धी व्यवस्था,

(ध) कानुनमा हुने परिवर्तनबाट निजी लगानीकर्तालाई कुनै विशेष संरक्षण दिइने भए सो सम्बन्धी व्यवस्था,

(न) लागू हुने कानुन, विवाद समाधानको संयन्त्र, विधि र प्रक्रिया,

(प) सम्भाव्यता न्यून परिपूर्ति सम्बन्धी व्यवस्था,

(फ) आयोजनामा स्थानीय सरकारको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो वापत स्थानीय सरकारको प्राप्त गर्ने प्रतिफल,

(ब) अन्य आवश्यक कुराहरु ।

३१. **कार्य सम्पादन जमानत सम्बन्धी व्यवस्था** : प्रस्तावकले कार्यसम्पादन जमानत वापत आयोजनाको कुल लागतको शुन्य दशमलव पांच प्रतिशत (०.५) भन्दा कम नहुने गरी सम्झौतामा लेखिए बमोजिमको रकम वा सो बरावरको बैंक ग्यारेण्टी आयोजनाको वित्तीय समापन सम्पन्न नभएसम्मका अवधिका लागिसानिसा इकाई समक्ष दाखिला गर्नु पर्नेछ ।

३२. **रीत पुगेको मानिने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम सानिसा समितिबाट आयोजना स्वीकृत भई दफा ३३ बमोजिम अनुमतिपत्र प्राप्त गरेकोमा त्यस्तो अनुमतिपत्र प्रचलित कानूनको रीत पुर्‍याई जारी भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको अनुमतिपत्रका शर्तहरु उपर अनुमतिपत्र वहाल रहेको अवधिभर प्रतिकूल हुने गरी सभा वा कार्यपालिकाबाट कुनै कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था गरिने छैन र सम्झौता प्रतिकूल हुने गरी गरिएको कुनै कानून, प्रशासनिक वा नीतिगत व्यवस्था मान्य हुने छैन ।

## परिच्छेद ६

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

३३. **अनुमतिपत्र प्रदान गरिने** : दफा ३० बमोजिम सम्झौता गरेपछि सानिसा इकाईले प्रस्तावकलाई आयोजनाको कार्यान्वयन गर्न तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

३४. **अन्य व्यक्तिले अनुमतिपत्र नदिइने** : आयोजनाको कार्यान्वयन गर्नको लागि कुनै क्षेत्रमा कुनै प्रस्तावकलाई अनुमतिपत्रदिइसकिए पछि सम्झौतामा लेखिए बमोजिम सोही क्षेत्रमासो आयोजनालाई प्रतिकूल असर पर्ने गरि त्यस्तै किसिमको आयोजनाको कार्यान्वयन गर्न अन्य व्यक्तिलाई अनुमतिपत्र दिने छैन।

३५. **अनुमतिपत्रको अवधिः** (१) अनुमतिपत्रको अवधि चालीस बर्षमा नबढाईसम्झौतामा लेखिए बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए पनि विशेष परिस्थिति परी अनुमतिपत्रको अवधि बढाउन आवश्यक भएको कारण खुलाईअवधि थपको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिव देखिएमा कार्यपालिकाले बढीमा पाँच बर्षसम्म अनुमतिपत्रको अवधि थप सक्नेछ ।

(३) अनुमतिपत्रको अवधि तोकिएको आधारमा निर्धारण गरिनेछ ।

३६. **अनुमतिपत्र रद्द गर्न सक्ने** : (१) अनुमतिपत्रप्राप्त व्यक्तिले सम्झौता बमोजिम आयोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस अन्तर्गत बनेको नियम वा सम्झौता विपरित कुनै काम गरेमा सानिसा समितिलेअनुमतिपत्र प्राप्त व्यक्तिलाई सूचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिसँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

(३) यस दफा बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले सानिसा समितिसँग कुनै किसिमको दाबी गर्न पाउने छैन ।

३७. **रोयल्टी बुझाउनु पर्ने**:रोयल्टी बुझाउने सम्झौता भएकोमा अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लिेखित तरिकाबाट स्थानीय सरकारलाई बुझाउनु पर्नेछ ।

३८. **आयोजनाहस्तान्तरण गर्नु पर्ने** : अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौतामा लेखिएको बमोजिम स्थानीय सरकारलाई आयोजना हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना हस्तान्तरा गर्ने मितिले कम्तीमा एक वष अगाडि देखि सानिसा इकाईको सुपरीवेक्षणमा सम्झौतामा उल्लेख भए बमोजिम आवश्यक मर्मत सम्भार गरी हस्तान्तरण गर्नुपर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि सानिसा इकाईले प्रतिनिधिहरु खटाई पठाउनु पर्नेछ ।

(४)उपदफा (१) बमोजिम आयोजनाहस्तान्तरण हुँदा त्यस्तो आयोजनामा जडित मेशिन, उपकरण तथा संरचना सम्झौतामा लेखिएको बमोजिमको क्षमता, अवस्था र चालू हालतमा हुनुपर्नेछ ।

३९. **स्थानीय सरकारको स्वामित्व हुने**: दफा ३८ बमोजिम हस्तान्तरण भएको आयोजना र सोसँगसम्बन्धित घर जग्गा तथा उपकरणको स्वामीत्व स्थानीय सरकारको हुनेछ ।

## परिच्छेद ७

## लगानी सम्बन्धी व्यवस्था

४०. **अनुमतिपत्र प्राप्त व्यक्तिले लगानी गर्नुपर्ने**: (१) सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक आयोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले लगानी गर्नुपर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना अर्न्तगतको घर, जग्गा वा मुख्य मेशिन उपकरण धितो राखी ऋण लिँदा सानिसा समितिको स्वीकृति लिनु पर्नेछ ।

तर स्थानीय सरकारले उपलब्ध गराएको घर जग्गा वा अन्य सम्पत्ति धितोमा राख्न पाइने छैन ।

४१. **स्थानीय सरकारले संयुक्त लगानी गर्न सक्ने**:(१) उपदफा (२) मा उल्लिखित आधार र कारणबाट औचित्य पुष्टि हुने भएमा विशेष अवस्थामा स्थानीय सरकारले पच्चीस प्रतिशतमा नबढ्ने गरी आयोजनामा शेयर पूँजी लगानी गर्न सक्नेछ ।

(२) देहायका आधारहरु विद्यमान भएमा मात्र स्थानीय सरकारले आयोजनामा शेयर पूँजी लगानी सक्नेछः

(क) आयोजनाको आर्थिक सम्भाव्यता वृद्धि हुने भएमा,

(ख) आयोजनाको निर्माण तथा सञ्चालनमा सानिसा समितिको उपस्थिति बलियो हुने भएमा,

(ग) लगानीकर्तालाई सहज वातावरण सिर्जना हुने भएमा,

(घ) आयोजनाको उचित अनुगमनका लागि शेयर लगानी आवश्यक हुने भएमा ।

(३) उपदफा (१) बमोजिमको लगानी आयोजना कार्यान्वयन गर्ने निजी निकायले स्थानीय सरकारको हिस्सा लिन चाहेमा आयोजनाको प्रचलित मुल्यमा हिसाब गरी दिन सकिनेछ ।

४२. **अन्य व्यक्तिसँग सम्झौता गर्न सक्ने**:(१) आयोजना सम्झौताका शर्तका अधीनमा रही अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा लगानी प्राप्त गर्न वा आयोजना बमोजिमको कुनै काम कुनै व्यक्तिबाट गराउने गरी अन्य व्यक्तिसँग सम्झौता गर्न सक्नेछ ।

तर त्यसरी सम्झौता भएको कारणले आयोजना कार्यान्वयन गर्ने दायित्वबाट निजले छुटकारा पाउने छैन ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सम्झौता गरेमा त्यस्तो सम्झौता भएको पन्ध्र दिनभित्र सो सम्झौताको प्रतिलिपि सानिसा इकाई समक्ष पेश गर्नु पर्नेछ ।

४३. **भुक्तानी सम्झौता गर्न सक्ने**: अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना निर्माण गरी स्थानीय सरकारलाई हस्तान्तरण गर्ने गरी वा दफा ४६ बमोजिमको शुल्क नउठाई अन्य रुपमा आयोजनामा गरेको लगानी फिर्ता पाउने गरी दफा ३०बमोजिम सम्झौता भएकोमा कार्यपालिकाले एकमुष्ट रुपमा वा किस्ताबन्दीमा त्यस्तो रकम  भुक्तानी पाउने गरी सम्झौता गर्न सक्नेछ ।

४४.**सम्भाव्यता न्युन परिपूर्ति कोष**: (१) स्थानीय सरकारले सम्भाव्य आयको तुलनामा लागत बढी हुने आयोजनालाई अनुदान उपलब्ध गराउन सम्भाव्यता न्युन परिपूर्ति कोष खडा गर्न सक्नेछ ।

(२) केन्द्रीय स्तरमा जारी भएको कानुन बमोजिम स्थानीय स्तरमा कार्यान्वयन हुने आयोजनाले सम्भाव्यता न्यून परिपूर्ति कोषको सुविधा पाउने अवस्थामा सोही बमोजिम आयोजनालाई अनुदान उपलब्ध गराउन सहयोग गरिनेछ ।

(३) सम्भाव्यता न्युन परिपूर्ति कोषको स्थापना तथा सोको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ८
## अनुमतिपत्र प्राप्त व्यक्तिको अधिकार तथा सुविधा

४५. **राष्टियकरण नगरिने**: अनुमतिपत्रको अवधिभर कुनै पनि आयोजना र सोसँग सम्बन्धित जग्गा, उपकरण तथा संरचना राष्ट्रियकरण गरिने छैन ।

४६. **शुल्क उठाउन पाउने**:अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले निमार्ण वा सञ्चालन गरेको आयोजनाबाट सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग शुल्क उठाउन सक्नेछ ।

(२) आयोजना सम्झौतामा उपदफा (१) बमोजिमको शुल्क सझौतामा उल्लेख भए बमोजिम समय समयमा पुनरावलोकन गर्न सकिने व्यवस्था राख्न सकिनेछ ।

४७. **घर जग्गा आदिमा प्रवेश गर्न सक्ने**:आयोजना कार्यान्वयनको सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै घर, जग्गा,उद्योग कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्शा गर्न, माटो लगायत अन्य प्राकृतिक स्रोत र साधनको परीक्षण गर्न, त्यसको लागि आवश्यकता अनुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउने प्रयोजनको लागि सम्बन्धित धनीलाई अग्रीम सूचना दिई घर जग्गा आदिमा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्न बाली वा हुर्केका रुख बिरुवा काट्नु, उखेल्नु परेमा वा जग्गामा रहेका कुनै छेकबार, पर्खाल, कुनै मेशिनरी, औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासिब क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई अनुमतिपत्र प्राप्त व्यक्तिले सो गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकारवाला व्यक्ति तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिको उपस्थितिमा प्रवेश गर्नु पर्नेछ ।

४८. **घर जग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध गर्न सक्ने**: (१) आयोजना कार्यान्वयनको सिलसिलामा आयोजना स्थल र त्यसको निश्चित दूरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त

प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने कुरा सम्झौतामा लेखिएकोमा वा त्यस्तो घर जग्गा सो कामको निमित्त प्रयोग गर्न वा त्यस्तो घर जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न निषेध गरी पाउन अनुमतिपत्र प्राप्त व्यक्तिले सानिसा इकाई समक्ष निवेदन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा सानिसा समितिले प्रचलित कानून बमोजिम त्यस्तो घर जग्गा सो बमोजिम प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ ।

तर त्यसरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानि नोक्सानी बापतको क्षतिपूर्ति अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्ति निर्धारण गर्नको लागि स्थानीय उपभोक्ताको प्रतिनिधित्व हुने गरी तोकिए बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ र सो समितिले सम्बन्धित व्यक्तिलाई वास्तविक रुपमा पर्न गएको हानि नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैंतीस दिन भित्र सानिसा इकाई समक्ष उजूरी गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको उजूरी उपर नब्बेदिनभित्र निर्णय गरिसक्नु पर्नेछ र सो उजूरीका सम्बन्धमा सानिसा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

४९. **घर जग्गा प्राप्त गरिदिने**: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा आफैंले खरिद गरी वा अन्य रुपमा व्यवस्था गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (१) बमोजिम खरिद गर्न वा अन्य रुपमा व्यवस्था गर्न नसकेमा वा सम्झौतामा कुनै घर जग्गा प्राप्त गर्नु पर्ने उल्लेख भएमा सानिसा इकाईले अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा त्यस्तो घर जग्गा प्रचलित कानून बमोजिम प्राप्त गरिदिनेछ ।

(३) उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गर्दा जग्गाधनीलाई दिनुपर्ने क्षतिपूर्ति सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएस्थानीय सरकारको स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा आयोजना कार्यान्वयनको लागि आवश्यक भएमा सानिसा समितिलेकार्यपालिकाको स्वीकृति लिई त्यस्तो जग्गा सम्झौतामा लेखिए बमोजिम वा लिज वा बहालमा प्रयोग गर्न दिन सक्नेछ ।

५०. **आयोजनाको सुरक्षा गर्न सक्ने**: (१) आयोजनाको सुरक्षा अनुमतिपत्र प्राप्त व्यक्ति आफैंले गर्नुपर्नेछ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले विशेष कारण देखाई आयोजनाको खास किसिमको सुरक्षाको लागि सानिसा इकाई समक्ष अनुरोध गरेमा सो बापत लाग्ने खर्च अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी त्यस्ता आयोजनाको सुरक्षाको व्यवस्था गर्नसानिसा इकाईलेआयोजनाको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

५१. **सहयोग उपलब्ध गराउनु पर्ने**: (१) आयोजना कार्यान्वयन गर्ने सिलसिलामा सानिसा समितिले अनुमतिपत्र प्राप्त व्यक्तिलाई उपलब्ध गराउनु पर्ने सहयोग, दिनु पर्ने स्वीकृति वा गरिदिनु पर्ने काम सम्झौतामा उल्लिखित तरिका र अवधिभित्र गरिदिनु वा उपलब्ध गराउनु पर्नेछ ।

(२) आयोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो बापत व्यहोर्नु पर्ने खर्च र दायित्व अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी सानिसा समिति आफैंले त्यस्तो सहयोग उपलब्ध गराउन लेखी पठाउन सक्नेछ ।

५२. **विदेशी विनिमयको सुविधा**: आयोजनाको कार्यान्वयनको लागि ऋण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम उपलब्ध गराइनेछ।

५३. **विष्फोटक पदार्थको प्रयोगः** आयोजनाको कार्यान्वयनको लागि विष्फोटक पदार्थको प्रयोग गर्नु परेमा संघीय कानुनको अधीनमा रही अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा निजलाई प्रचलित कानून बमोजिम त्यस्तो विष्फोटक पदार्थको प्रयोग गर्न अनुमतिपत्र दिइनेछ ।

५४. **कानुन बमोजिमको सुविधा पाउने** : यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त प्रचलित कानुन बमोजिम उद्योगले पाउने सम्पूर्ण संरक्षण, सुविधा,सहुलियत तथा छुट प्राप्त गर्नेछ ।

५५. **सेवा सुविधाको शर्त तोक्न सक्ने** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्धगराउँदा यस ऐन वा सम्झौताको अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका शर्त विपरित उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

## परिच्छेद ९
## विवाद समाधान सम्बन्धी व्यवस्था

५६. **छनौट प्रक्रिया वा निर्णय सम्बन्धी विवादको समाधानः**(१) कार्यपालिका वा सानिसा समितिले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारी प्रबन्ध अन्तरगत प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णय गर्दा कुनै त्रुटि गरेको वा पालना गर्नुपर्ने कर्तव्य नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई कुनै प्रस्तावदाताले त्यस्तो निर्णय वा पुनरावलोकनका लागि सानिसा समितिसमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१)बमोजिम दिने निवेदन सम्झौता हुनभन्दा अघिको कारवाहीका सम्बन्धमा सीमित हुनेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन दिदाँ सानिसा समितिले प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णयमा त्रुटि गरेको वा पालना गर्नुपर्ने कर्तव्य नगरेको कुरा प्रस्तावदाताले थाहा पाएको सात दिनभित्र निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदनका सम्बन्धमा छानबीन गर्दा प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णयमा त्रुटि देखिए वा सानिसा समितिले पालना गर्नुपर्ने कर्तव्य पालना नगरेको देखिए वा त्यस्तो निर्णय कानुन विपरीत भएको देखिएमा सानिसा समितिको प्रमुखले त्यस्तो कारवाही निलम्बन गरी सो निवेदन प्राप्त भएको पाँच दिनभित्र कारण खुलाई लिखित निर्णय गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको निर्णयमा प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही कसरी अगाडि बढाउने भन्ने कुरा समेत उल्लेख हुनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिमको निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

५७. **सम्झौता अन्तरगतको विवादको समाधानः**(१) आयोजना सम्झौतामा प्रचलित नेपाल कानुन लागू हुनेछ।

(२) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा सानिसा समिति र अनुमतिपत्र प्राप्त व्यक्तिबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद पक्षहरुबीच छलफल गरी आपसी समझदारीबाट समाधान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम आपसी समझदारीबाट विवाद समाधान नभएमा विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ ।

(३) उपदफा (२) बमोजिम मध्यस्थताद्वारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानुन बमोजिम हुनेछ।

(४) विशेष प्रकृतिका आयोजनाहरुका हकमा लागू हुने कानुन र विवाद समाधान सम्बन्धमा छुट्टै व्यवस्था गर्नुपर्ने देखिएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

५८. **क्षतिपूर्ति सम्बन्धी व्यवस्था**:(१) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा ऐन अन्तरगत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी वापतको मनासिब माफिकको रकम सो काम गर्ने पक्षले अर्को पक्षलाई क्षतिपूर्ति वापत बुझाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति स्थानीय सरकारबाट व्यहोर्नुपर्ने भएमा त्यस्तो क्षतिपूर्ति वापतको रकम हिसाब गरी कार्यपालिकाले अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ ।

## परिच्छेद १०
## विविध

५९. **गैरसरकारी वा स्थानीय सामुदायिक संघसंस्था मार्फत् आयोजना कार्यान्वयन गर्न सकिने**: तोकिएको रकमसम्मको आयोजना लागत भएका आयोजना स्थानीय गैरसरकारी संस्था वा स्थानीय सामुदायिक संस्थालाई प्राथिमकता दिई कार्यान्वयन गर्न सकिनेछ ।

६०. **संघ, प्रदेश वा अन्य स्थानीय सरकारसँग मिली आयोजना कार्यान्वयन गर्न सक्ने**: संघ, प्रदेश वा अन्य स्थानीय सरकारसँगको सहकार्य र समझदारीमा यस ऐन अन्तरगतको सार्वजनिक निजी साझेदारी आयोजना कार्यान्वयन गर्न सकिनेछ ।

६१. **निर्देशन दिन सक्ने**:सानिसा इकाईलेसम्झौतामा उल्लिखित शर्तहरुको अधीनमा रही आयोजनाको कार्यान्वयनको सम्बन्धमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

६२. **लिज वा भाडामा दिन बेचबिखन गर्न सक्ने** : (१) सानिसा इकाईले अनुमतिपत्र प्राप्त व्यक्तिलाई स्थानीय सरकारको स्वामित्वमा रहेको संस्थाको स्वामीत्व वा अधीनमा रहेको कुनै घर वा जग्गा लिज वा भाडामा दिन, कुनै मेशिन, औजार विक्री गर्न वा लिज वा भाडामा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिज वा भाडामा दिँदाको शर्तहरु सम्झौतामा लेखिए बमोजिम हुनेछन् ।

६३. **स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने** : अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

६४. **अध्ययन प्रतिवेदन माथि अधिकार कायम रहने** : प्रस्तावकले प्रस्तावसाथ पेश गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ । प्रस्तावकले लिखित स्वीकृति बिना त्यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरु अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गर्ने छैन ।

६५. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

६६. **कार्यविधि तथा निर्देशिका बनाउन सक्ने** :सानिसा समितिले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

**प्रस्ताव नं २.३.४**

**बुटवल उपमहानगरपालिकाको औद्योगिक व्यवसाय विधेयक, २०७४ सम्बन्धमा ।**

**निर्णय नं २.३.४**

आजको बैठकको कार्य सूचि नं ५ मा रहेको र मिति २०७४/११/१० मा बसेको दोश्रो नगर सभाको पहिलो बैठकको कार्यसूची नं. ७ मा टेबुल भएको **"बुटवल उपमहानगरपालिकाको औद्योगिक व्यवसाय विधेयक, २०७४"** का सन्दर्भमा हाल सम्म संघीय / प्रदेश कानूनको निर्माण भै नसकेको हुदा संघीय कानून बमोजिम अधिकार प्रत्यायोजन भई आएमा सोहि बमोजिम हुने गरी हाललाई नगर सभाको विधेयक समितिमा पूँजीको रुपमा विचाराधिन अवस्थामा राख्ने र संघीय कानूनले अधिकार प्रत्यायोजन गरे पश्चात नगर कार्यपालिकाले पुनः क्रियाशिल गराई यस सभामा विधेयकको रुपमा पेश गर्ने गरी **"बुटवल उपमहानगरपालिकाको औद्योगिक व्यवसाय विधेयक, २०७४"** विधेयक समितिमा फिर्ता पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं २.३.५**

**व्यवसाय दर्ता सम्बन्धमा ।**

**निर्णय नं २.३.५**

बुटवल उपमहानगरपालिकामा दर्ता नभएका तर आन्तरिक राजश्व कार्यालय, वाणिज्य कार्यालय, घरेलु कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय एवं अन्य कार्यालयहरुमा दर्ता भई व्यवसाय सञ्चालन गरी आएका तर हाल सम्म बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा दर्ता नभएका व्यवसायीहरुलाई करको दायरामा ल्याउनका लागि चालु आर्थिक बर्ष सहित विगत ३ आर्थिक बर्षको व्यवसाय कर लिई बाँकी अवधिको व्यवसायकरमा छुट दिने गरी एक पटकका लागि पुनः ३० दिनको म्याद थप गर्नका लागि टेबुल भएको प्रस्ताव माथिको छलफल समाप्त भएको हुदा नगर सभा सञ्चालन कार्यविधि २०७४ को दफा १६ बमोजिम प्रस्ताव निर्णयार्थ पेश हुदा सर्वसम्मति भएकोले उल्लेखित प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २.३.६**

**हाटबजार ठेक्का बन्दोवस्तमा बन्द हडतालको रकम मिलान सम्बन्धमा ।**

**निर्णय नं २.३.६**

बुटवल उपमहानगरपालिकाद्वारा निर्मित हाटबजारहरुको सञ्चालन व्यवस्थापन गर्न स्वीकृत ठेक्का सम्झौतापत्रको बुँदा नं. १२ मा उल्लिखित विशेष परिस्थिति सम्बन्धी प्रावधानमा बन्द हडताल वापत १६ दिनको विभिन्न हाटबजारहरुको बन्द हडतालको कुल जम्मा रु.२,००,०००/- (दुई लाख मात्र) सम्बन्धित सञ्चालक पक्षबाट फिर्ता माग गरेकोले स्थानीय सुरक्षा निकायबाट प्रमाणित भई आएमा उक्त रकम ठेक्का रकममा मिलान वा फिर्ता गर्ने सम्बन्धी आजको बैठकमा टेबुल भएको प्रस्ताव माथिको छलफल समाप्त भएको हुदा नगर सभा सञ्चालन कार्यविधि, २०७४ को दफा १६ बमोजिम उक्त प्रस्ताव निर्णयार्थ पेश हुदा पारित गर्न सर्वसम्मति भएकोले उल्लेखित प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २.३.७**

**लुम्बिनी बस टर्मिनल ठेक्का बन्दोवस्तमा बन्द हडतालको रकम मिलान सम्बन्धमा ।**

**निर्णय नं २.३.७**

बुटवल उपमहानगरपालिकाद्वारा निर्मित लुम्बिनी बस टर्मिनल सञ्चालन व्यवस्थापन दुई बर्षका लागि मिति २०७३/०५/३१ मा बुटवल उपमहानगरपालिका र श्री भिजन मल्टी बिजनेस प्रा.लि. बुटवल १० बीच भएको सम्झौताको बुँदा नं. ३० मा भएको विशेष परिस्थितिको व्यवस्था बमोजिम सम्झौताको मितिका दिन देखि मिति २०७४/११/२२ गते सम्म २१ दिन बन्द हडताल भई टर्मिनल सञ्चालन हुन नसकेकोले सम्झौताको शर्त बमोजिम २१ दिनको कुल ठेक्का अंकको दामासाहीले हुन आउने रकम रु.६,४२,४४०/- (छ लाख बयालिस हजार चार सय चालिस मात्र) सम्बन्धित सञ्चालक पक्षबाट फिर्ता माग गरेकोले स्थानीय सुरक्षा निकायबाट प्रमाणित भई आएमा उक्त रकम ठेक्का रकममा मिलान वा फिर्ता गर्ने सम्बन्धी आजको बैठकमा टेबुल भएको प्रस्ताव माथिको छलफल समाप्त भएको हुदा नगर सभा सञ्चालन कार्यविधि, २०७४ को दफा १६ बमोजिम उक्त प्रस्ताव निर्णयार्थ पेश हुदा पारित गर्न सर्वसम्मति भएकोले उल्लेखित प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २.३.८**

**जनप्रतिनिधिहरुको सुविधा सम्बन्धमा ।**

**निर्णय नं २.३.८**

बुटवल उपमहानगरपालिकाका जनप्रतिनिधिहरुको (पारिश्रमिक) तलब भत्ता र अन्य सुविधा प्रदेश नं. ५ बाट निर्धारण गरेको मापदण्डका आधारमा चालु आर्थिक बर्षको प्रारम्भ देखि नै लागु हुने गरी कार्यान्वयन हुन नगर कार्यपालिकालाई निर्देशित गर्ने निर्णय गरियो । चालु आर्थिक वर्ष भित्र ५ नं. प्रदेश सरकारबाट मापदण्ड निर्धारण हुन नसकेमा अन्य प्रदेशले गरेको निर्णयलाई आधारमानी उपयुक्त निर्णय गरी कार्यान्वयन गर्न नगर कार्यपालिकालाई निर्देशित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २.३.९**

**बैठक समापन सम्बन्धमा ।**

**निर्णय नं २.३.९**

दोश्रो नगर सभाको तेश्रो बैठकको लागि निर्धारित कार्यसूची बमोजिमका प्रस्तावहरु माथिको छलफल र निर्णय समाप्त भएको हुदा उपस्थित सभाका सबै सदस्यहरु, सचिवालय तर्फ खटिएका कर्मचारीहरु एवं अन्य सबै कर्मचारीहरुलाई धन्यबाद दिदै सभाका अध्यक्ष श्रीमान शिवराज सुवेदीज्यूबाट दोश्रो नगर सभाको तेश्रो बैठक समापन भएको जानकारी गराउनु भयो ।